लेखापरीक्षण बुलेटिन

महालेखापरीक्षकको कार्यालयको प्रकाशन

वर्ष ७, अंक २६, २०८१ आषाढ (Year 7, Issue 26, Jun/July - 2024)

महालेखापरीक्षकको कार्यालय



यस भित्र.....

क्र.सं.	शीर्षक	पृष्ठ संख्या
१	माननीय महालेखापरीक्षकज्यूको सपथ ग्रहण	३
२	सम्माननीय राष्ट्रपतिज्यू समक्ष महालेखापरीक्षकको ६१औं वार्षिक प्रतिवेदन पेश	६
३	भारतका नियन्त्रक एवं महालेखापरीक्षकको नेपाल भ्रमण	२१
४	लेखा समितिमा छलफल	२६
५	महालेखापरीक्षकको कार्यालयको ६६औं वार्षिकोत्सव सम्पन्न	२७
६	लेखापरीक्षण सल्लाहकार समितिको बैठक सम्पन्न	३७

संरक्षक
माननीय महालेखापरीक्षक
श्री तोयम राया

सल्लाहकार
उप-महालेखापरीक्षक
श्री विन्दु विष्ट

सम्पादक मण्डल
संयोजक
नायब महालेखापरीक्षक
श्री श्रीकुमार राई

सदस्य
निर्देशक
श्री टीकानाथ अर्याल
श्री रमेश सुवेदी
लेखापरीक्षण अधिकारी
श्री केबल बडाल
श्री सुभाष भट्ट

लेआउट/डिजाईन
श्री अनिल कुमार दहित

प्रकाशक
महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं।
फोन नं. ०१-४७७१२७०
फ्याक्स नं. ०१-४२६८३०९
e-mail: oagnep@ntc.net.np
website: oag.gov.np

नोटिस बोर्ड नं. ६९८०१४८५३२८०

प्रवक्ता
नायब महालेखापरीक्षक
श्री श्रीकुमार राई
सम्पर्क : ९८५१३५४००७
ईमेल : aag.mgmt@oagnep.gov.np

सहायक प्रवक्ता/सूचना अधिकारी
निर्देशक
श्री रमेश सुवेदी
सम्पर्क : ९८५१३५४००६
ईमेल : dir.admin@oagnep.gov.np

सम्पादकीय

नेपालको संविधान, लेखापरीक्षण ऐन,२०७५ तथा प्रचलित कानुन अनुसार सबै सरकारी निकाय, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको सङ्गठित संस्था, महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी संघीय कानुनद्वारा तोकिएको संस्था वा निकाय, सरकारको आंशिक स्वामित्व भएको संस्थाको परामर्श दिने व्यवस्था, बहुपक्षीय वा दुई पक्षीय सम्झौता अनुसार महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका विषयको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुँदै आएको छ।

संवैधानिक परिषद्को सिफारिसमा २०८१ वैशाख ६ गते सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूबाट नियुक्त भई सर्वोच्च अदालतको सम्माननीय प्रधान न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठबाट संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५३ को दफा २४ तथा अनुसूची अनुसार माननीय महालेखापरीक्षक श्री तोयम रायाको पद तथा गोपनीयतको शपथ ग्रहण राष्ट्रपति कार्यालयमा सम्पन्न भई नेपालको १२ औं महालेखापरीक्षकको रुपमा नियुक्त हुनु भएको छ। वहाँले नेपालको संविधानको धारा २९४ अनुसार २०८१ साल ज्येष्ठ १३ गते महालेखापरीक्षकको ६१ औं वार्षिक प्रतिवेदन पेश गर्नु भएको छ। यसै अवधिमा प्रदेश सरकारका छैठौं वार्षिक प्रतिवेदन माननीय प्रदेश प्रमुखहरु समक्ष पेश भएको छ भने आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण सम्पन्न गरी ७४८ वटा स्थानीय तहका अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी भएको छ ।

महालेखापरीक्षकको कार्यालयको रणनीति योजना, २०२१-२०२५ मा उल्लिखित क्रियाकलापहरुमध्ये सम्पन्न हुन बाँकी कृयाकलापहरु तथा महालेखापरीक्षकको ६ वर्षे कार्ययोजना समेत समेटी रणनीतिक योजना २०८१ श्रावण - २०८७ असार को तर्जुमा कार्य भइरहेको छ । यसै गरी कार्यालयका कर्मचारीहरूको क्षमता विकास सम्बन्धी कार्य विभिन्न पेशागत अनवरत तालिम तथा विशेष तालिमहरू समेत यसै अवधिमा सम्पन्न भएका छन्।

महालेखापरीक्षकज्यूको सन्देश

नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र तिनवटै तहका सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी नेपालका महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ।

नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) को प्रयोग गरी वार्षिक स्वीकृत कार्यतालिका बमोजिम जोखिममा आधारित लेखापरीक्षण विधिबाट ५ हजार ६०५ निकायको आर्थिक कारोवारको लेखापरीक्षण गरी सोबाट देखिएका व्यहोरा, नतिजा, निष्कर्ष र सुझाव समावेश गरी महालेखापरीक्षकको ६१ औं वार्षिक प्रतिवेदन २०८१।२।१३ मा सम्माननीय राष्ट्रपतिज्यूसमक्ष पेश गरिएको छ ।

लेखापरीक्षणका अन्तर्राष्ट्रिय प्रचलन तथा असल अभ्यासका साथै INTOSAI द्वारा प्रतिपादित मानदण्ड अनुशरण गरी तयार गरिएको नेपाल सरकारी लेखापरीक्षण मान (NGAS) समेतको आधारमा लेखापरीक्षण गरिएका निकायको जोखिमको वर्गीकरण गरी उच्च जोखिमयुक्त निकाय सम्बन्धित कार्यालयमा उपस्थित भै लेखापरीक्षण गरिएको छ भने न्यून जोखिमयुक्त कार्यालयको NAMS बाट दूर लेखापरीक्षण पद्धति (Remote Audit Methdology) अपनाई लेखापरीक्षण सम्पन्न गरी वार्षिक प्रतिवेदन तयार गरिएको छ।

यस वर्ष संघीय एकाइहरू (संघ, प्रदेश र स्थानीय तह) तथा संगठित संस्था, समिति र अन्य संस्था गरी रू.७८ खर्ब ८१ अर्ब ६० करोडको लेखापरीक्षण सम्पन्न भई ९५ अर्ब ६० करोडको बेरूजु देखिएको छ । महालेखापरीक्षकको ६१ औं वार्षिक प्रतिवेदनसम्ममा अद्यावधिक बेरूजु रू.६ खर्ब ६९ अर्ब ८६ करोड पुगेको छ ।

नेपालको संविधान र लेखापरीक्षण ऐन तथा अन्य प्रचलित कानूनमा निर्दिष्ट व्यवस्थाको आधारमा आर्थिक कारोबारको मूल्याङ्कन गरी स्वतन्त्रता, निष्ठा, व्यावसायिकता, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न महालेखापरीकको कार्यालय प्रतिबद्ध रहेको छ । ६१ औं वार्षिक प्रतिवेदन मार्फत् लेखापरीक्षणको क्रममा विकास निर्माण, राजस्व संकलन, विनियोजन खर्च, सेवा प्रवाह लगायत वित्तीय प्रशासनका विविध पक्षमा रहेका मुख्य कमजोरी औंल्याउँदै सुधारका लागि सुझाव पेश गरिएको छ । ती सुझावहरू मूलत: ऐन नियमको परिपालना, लेखा तथा आर्थिक विवरणको यथार्थता, आन्तरिक नियन्त्रण र लेखापरीक्षण, सरकारी सम्पत्तिको संरक्षण र उपयोग, बजेट व्यवस्थापन, स्रोत साधनको परिचालन, राजस्व असुली, सम्पदाको संरक्षण, स्थानीय तहको वित्तीय व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह लगायतका क्षेत्रसँग सम्बन्धित छन्। यी सुझावका प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक स्रोत साधनको संरक्षण र उपयोगमा दक्षता अभिवृद्धि हुने अपेक्षा लिएको छु ।

महालेखापरीक्षकको जिम्मेवारी निर्वाहमा सबै क्षेत्रको सहयोग र सद्भाव आवश्यक छ । यस क्रममा सम्माननीय राष्ट्रपतिज्यू लगायत नेपाल सरकार, प्रतिनिधिसभा, राष्ट्रियसभा, सार्वजनिक लेखा समिति, संवैधानिक निकायहरू, प्रदेश र स्थानीय तह, विकास साझेदार, नागरिक समाज, सञ्चारकर्मी, विविध क्षेत्रका विज्ञ, आम नागरिक समेतबाट प्राप्त भएका सहयोग र सद्भावका लागि हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

नव नियुक्त माननीय महालेखापरीक्षकज्यूको सपथ ग्रहण



नव नियुक्त माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूले सम्माननीय राष्ट्रपति, उप-राष्ट्रपति र प्रधानमन्त्रीको समुपस्थितिमा सम्माननीय प्रधान न्यायधिसबाट पद तथा गोपनियताको सपथ ग्रहण गर्नुहुँदै।

६ वैशाख, २०८१

संवैधानिक परिषदको सिफारिस अनुसार सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूबाट नेपालको महालेखापरीक्षकको रुपमा श्री तोयम रायाज्यू नियुक्ति हुनु भयो। वहाँको नियुक्ति पश्चात् सम्माननीय राष्ट्रपति, सम्माननीय उपराष्ट्रपति, एवं सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा, सम्माननीय प्रधानन्यायाधीश श्री विश्वम्भर प्रसाद श्रेष्ठज्यूले संवैधानिक निकायका पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५३ को दफा २४ को व्यवस्था अनुसार अनुसूचीमा उल्लेख भएको व्यहोरा भएको बमोजिम शपथ ग्रहण गराउनु भयो ।

उक्त कार्यक्रममा महालेखापरीक्षकको कार्यालयका उपमहालेखापरीक्षकहरू लगायतका कर्मचारी तथा नव नियुक्त माननीय महालेखापरीक्षकको पारिवारिक सदस्यहरू समेतको उपस्थिति थियो । शपथ ग्रहणपछि माननीय महालेखापरीक्षकज्यूले अनामनगरस्थित कार्यालयमा गई पदभार ग्रहण गर्नुभयो ।

पदभार ग्रहण अघि उपमहालेखापरीक्षकज्यूहरू तथा कार्यालयका अन्य कर्मचारीहरूले माननीयज्यूलाई कार्यालयमा स्वागत गर्दै बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्नु भएको थियो ।



नव नियुक्त माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यू पद था गोपनियताको सपथ ग्रहण पश्चात हस्ताक्षर गर्नुहुँदै।

माननीय महालेखापरीक्षकज्यूको स्वागत तथा पदभार ग्रहण

६ वैशाख, २०८१

नेपालको १२ औं महालेखापरीक्षकको रुपमा नियुक्त भई राष्ट्रपति कार्यालयमा सम्माननीय प्रधानन्यायाधीश समक्ष शपथ ग्रहण प्रश्चात पदभार ग्रहणको लागि आउनु भएका माननीयज्यूलाई महालेखापरीक्षकको कार्यालयमा सम्पूर्ण कर्मचारीहरुले स्वागत गर्नु भयो । कार्यालय भवन प्रवेशको क्रममा तीन वटुकहरुबाट वैद्धिक मन्त्र उच्चारण गरेका थिए । माननीय श्री तोयम रायाज्यूलाई आफ्नो कार्यकक्षमा उपमहालेखापरिक्षक, नायब महालेखापरीक्षक लगायत व्यवस्थापन तथा सचिवालयका कर्मचारीहरुले कार्यकक्षमा बधाई तथा सफल कार्यकालको शुभकामना गर्नु भएको थियो।

सो अवसरमा कार्यालयको सातौं तलाको बैठक कक्षमा सबै कर्मचारीको उपस्थितिमा माननीयज्यूलाई स्वागत कार्यक्रम आयोजना गरिएको थियो। माननीय महालेखापरीक्षकज्यूले सबै कर्मचारीलाई धन्यवाद दिनु हुँदै राष्ट्रलाई शिरमा राखेर संवैधानिक दायित्व निर्वाह गर्न आग्रह गर्नु भएको थियो ।



नव नियुक्त माननीय महालेखापरीक्षकज्यूको स्वागतको पर्खाईमा कार्यालयका कर्मचारिहरु।



नव नियुक्त माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूलाई स्वागत गर्नुहुँदै उप-महालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारीज्यू।



नव नियुक्त माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूलाई स्वागत गर्नुहुँदै उप-महालेखापरीक्षक श्री विन्दु विष्टज्यू।



नव नियुक्त माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूले कार्ययोजना निर्माण सम्बन्धी निर्णय गर्नुहुँदै।

सम्माननीय राष्ट्रपतिज्यू समक्ष महालेखापरीक्षकको ६१औँ वार्षिक प्रतिवेदन पेश गर्ने अवसरमा माननीय महालेखापरीक्षकले दिनु भएको मन्तव्य

१३ ज्येष्ठ, २०८१
सम्माननीय राष्ट्रपतिज्यू,
सम्माननीयज्यूका सल्लाहकारज्यूहरु,
राष्ट्रपति कार्यालयका सचिवज्यू,
महालेखापरीक्षक कार्यालयका उपमहालेखापरीक्षकज्यूहरु,
राष्ट्रपति तथा महालेखापरीक्षकको कार्यालयका राष्ट्रसेवकहरू,
उपस्थित सञ्चारकर्मी मित्रहरु,

स्वतन्त्र संवैधानिक निकायको हैसियतमा सार्वजनिक स्रोत र साधनको परिचालन जवाफदेही ढंगबाट भए नभएको सम्बन्धमा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको विचार गरी परीक्षण/मूल्याङ्कन गर्ने र सोबाट देखिएका बेहोराहरू प्रतिवेदन गर्ने जिम्मेवारी महालेखापरीक्षकलाई दिइएको छ। महालेखापरीक्षकको कार्यालय सम्वत् २०१६ साल आषाढ १५ गते स्थापना भई २०२० सालमा यसले आफ्नो पहिलो वार्षिक प्रतिवेदन राष्ट्र प्रमुख समक्ष पेश गरेको थियो। नेपालको १२ औँ महालेखापरीक्षकको रुपमा संवैधानिक परिषद्को सिफारिसमा सम्माननीयज्यूबाट २०८१ साल वैशाख ६ गते नियुक्ति पश्चात् मेरो कार्यकालको पहिलो एवं कार्यालयको एकसट्ठिऔँ वार्षिक प्रतिवेदन सम्माननीयज्यू समक्ष नेपालको संविधानको धारा २९४ (१) बमोजिम सम्माननीयज्यू समक्ष पेश गरेको छु ।

नेपालको संविधानको धारा २९४(२) को प्रावधान तथा लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (१) मा उल्लिखित विषयहरू समावेश गरी यो प्रतिवेदन तयार गरिएको छ। संविधानको धारा २९४(३) बमोजिम प्रदेशको काम कारबाहीका सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरिएको छ । त्यसै गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम लेखापरीक्षण सम्पन्न भएका स्थानीय तहको प्रतिवेदन सम्बन्धित स्थानीय तहलाई जारी गरिएको छ। यस वार्षिक प्रतिवेदनमा लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएको बेरुजु स्थिति, लेखापरीक्षणबाट देखिएको समष्टिगत स्थिति, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति, भविष्यमा गर्नुपर्ने सुधार र कार्यालय गतिविधिलाई अलग अलग परिच्छेदमा प्रस्तुत गरिएको छ। सार्वजनिक निकायबाट भएका काम कारबाहीको बारेमा सरोकारवालालाई सुसूचित गराउन वार्षिक प्रतिवेदनका सारभूत विषयहरू समावेश गरी वार्षिक प्रतिवेदनको सारांशसमेत तयार गरिएको छ।

लेखापरीक्षणको लागि कार्यालयबाट ३ चरणमा खटिएको टोलीबाट प्राप्त बेहोरा, सार्वजनिक लेखा समितिबाट प्राप्त सुझाव, तीनै तहका सरकारका पदाधिकारीहरूसँगको छलफल, कार्यालयको रणनीतिक योजना तथा समकक्षी पुनरावलोकन प्रतिवेदनले दिएका सुझावसमेतलाई मध्यनजर गरी यो प्रतिवेदन तयार गरिएको, यो वर्ष ५ हजार ६०५ कार्यालयको रू. ७८ खर्ब ८१ अर्ब ६० करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ । यो वर्षको लेखापरीक्षणबाट रू. १ खर्ब २७ अर्ब ७३ करोड ६३ लाख बेरुजु देखिएकोमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ बमोजिम ३५ दिनभित्र रू. ३२ अर्ब १३ करोड ४२ लाख फर्स्यौट भएकोले रू.९५ अर्ब ६० करोड २१ लाख फर्स्यौट हुन बाँकी रहेको छ।

कारबाही टुङ्गो लगाउनुपर्ने रकम सङ्घीय तथा प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फको बेरुजुका अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमका सम्बन्धमा समयमा नै कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रू.५ खर्ब १३ अर्ब ४० करोड ४३ लाख रहेको छ।

सम्बन्धित जिम्मेवार निकायहरुबाट महालेखापरीक्षकको वार्षिक एवं अन्य प्रतिवेदनको कार्यान्वयन भई सरकार तथा सार्वजनिक निकायमा पारदर्शिता, जवाफदेहिता र निष्ठा प्रवर्धन हुने विश्वास मैले लिएको छु। यद्यपि प्रतिवेदनमा उल्लिखित व्यहोरा तथा सुझावहरूको अपेक्षित कार्यान्वयन नहुँदा सोही प्रकृतिका व्यहोराहरूको पुनरावृत्ति भइरहेको छ। तसर्थ प्रतिवेदनहरू यथासमयमा सङ्घीय संसद, प्रदेश सभा र गाउँ/नगरसभामा पेस भई सोको कार्यान्वयनको प्रत्याभूति हुने एवं लेखापरीक्षणको गुणस्तर र प्रभावकारिता अभिवृद्धिका लागि आवश्यक पर्ने वित्तीय तथा सङ्गठनात्मक स्वायत्ततासमेत आवश्यक पर्ने हुँदा सोका लागि सङ्घीय संसद र नेपाल सरकारबाट आवश्यक सहयोग प्राप्त हुने अपेक्षा समेत लिएको छु।

कार्यसम्पादनको क्रममा सम्माननीय राष्ट्रपतिज्यू, सम्माननीय उपराष्ट्रपतिज्यू, सम्माननीय प्रधानमन्त्रीज्यू, सम्माननीय प्रधानन्यायाधीशज्यू, प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यू, राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूलगायतबाट प्राप्त मार्गदर्शन, सङ्घीय संसद, प्रदेश सभा, संवैधानिक निकाय, सबै तहका सरकार, सार्वजनिक संस्था, लेखापरीक्षण सल्लाहकार समिति, विकास साझेदार, नागरिक समाज, सञ्चारकर्मी, आम नागरिकबाट प्राप्त सुझावप्रति आभार व्यक्त गर्दछु। सम्माननीयज्यू समक्ष यो प्रतिवेदन पेश गर्न सहजीकरण तथा व्यवस्थापन गर्नु भएकोमा सम्माननीयज्यूको कार्यालयको सल्लाहकारज्यूहरू, सचिवज्यू तथा कर्मचारी परिवार सञ्चारकर्मी तथा महालेखापरीक्षकको कार्यालयको सबै प्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

उक्त कार्यक्रममा कार्यालयका उपमहालेखापरीक्षकहरु, नायब महालेखापरीक्षकहरु, निर्देशक लगायत करिब ५० कर्मचारीहरूको उपस्थिति रहेको थियो।



सम्माननीय राष्ट्रपतिज्यू समक्ष ६१औँ वार्षिक प्रतिवेदनको मुख्य व्यहोराको प्रस्तुतिकरण गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यू।

सम्माननीय राष्ट्रपतिज्यू समक्ष महालेखापरीक्षकको ६१औं वार्षिक प्रतिवेदन पेश

१३ ज्येष्ठ, २०८१

माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूले सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यू समक्ष नेपालको संविधानको धारा २४१ अनुसार आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण सम्पन्न गरी धारा २९४(१) बमोजिम महालेखापरीक्षकको एकसठ्ठिऔं वार्षिक प्रतिवेदन, २०८१ राष्ट्रपति भवन शीतल निवासमा आयोजित एक कार्यक्रमका बीच पेश गर्नुभएको छ।

प्रतिवेदन ग्रहण गर्दै सम्माननीय राष्ट्रपतिज्यूले संघ, प्रदेश र स्थानीय तहको लेखापरीक्षण पश्चात् तयार भएको महालेखापरीक्षकको एकसठ्ठिऔं वार्षिक प्रतिवेदन, २०८१ पेश गरेकोमा महालेखापरीक्षकज्यू र लेखापरीक्षणमा संलग्न कार्यालयका सम्पूर्ण कर्मचारीलाई धन्यवाद व्यक्त गर्नुभएको थियो। सो अवसरमा सम्माननीय राष्ट्रपतिज्यूले वित्तीय जवाफदेहिता र पारदर्शिता प्रवर्द्धनमा महालेखापरीक्षकको भूमिका महत्त्वपूर्ण हुने विचार व्यक्त गर्नुभयो । साथै आगामी दिनमा आर्थिक प्रशासनलाई प्रभावकारी बनाई बेरूजु बढ्ने वातावरण नै आउन दिन नहुने र विगतका बेरूजू रकमको तदारूकताका साथ फर्स्यौट हुनेछ भन्ने विश्वास व्यक्त गर्नुभयो। त्यसैगरी सम्माननीय राष्ट्रपतिज्यूले सार्वजनिक निकायहरुमा बढ्दो बेरूजूलाई कम गर्दै लाने र आर्थिक कारोबारमा मितव्ययिता राख्ने कार्यमा महालेखापरीक्षकको कार्यालयले खेलेको भूमिकाको सराहना गर्दै कार्यालयले आर्थिक अनुशासन कायम राख्न वित्तीय जवाफदेहिता, सदाचारिता र पारदर्शिता प्रवर्द्धनका साथै गुणस्तरीय लेखापरीक्षण सेवा प्रवाहको लागि व्यावसायिक दक्षता अभिवृद्धि गर्दै अझै प्रभावकारी कदम चाल्ने विश्वास व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा सम्माननीय राष्ट्रपतिज्यू समक्ष प्रतिवेदनमा औंल्याइएका मुख्य व्यहोराबारे माननीय महालेखापरीक्षकज्यूले अवगत गराउनु भएको थियो । प्रतिवेदन पेश गर्दै माननीय महालेखापरीक्षकज्यूले लेखापरीक्षण व्यवस्थापन र वार्षिक प्रतिवेदन तयार गर्न अवलम्वन गरिएका विधि र प्रक्रियाको बारेमा उल्लेख गर्दै प्रतिवेदनले मुख्यतः बजेट व्यवस्थापन, वैदेशिक सहायता, राजस्व प्रशासन, योजना व्यवस्थापन, सार्वजनिक खरिद व्यवस्थापन, सार्वजनिक खर्च व्यवस्थापन, अनुदान व्यवस्थापन र उपयोग, सार्वजनिक सम्पत्तिको उपयोग र संरक्षण, सूचना प्रविधिको उपयोग अवस्था, सार्वजनिक संस्थान व्यवस्थापन, लेखाङ्कन र प्रतिवेदन प्रणाली, आन्तरिक नियन्त्रण एवं लेखापरीक्षण, नियमन व्यवस्था, संघीयता कार्यान्वयन, प्रदेश तथा स्थानीय सरकारको वित्तीय व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, संघीयता कार्यान्वयनका सन्दर्भमा संघ, प्रदेश तथा स्थानीय तहबाट भएका काम कारबाहीको मूल्याङ्कन एवं परीक्षण गरी देखिएका व्यहोराका आधारमा प्रतिवेदन तयार गरिएको धारणा व्यक्त गर्नुभयो ।



सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यू समक्ष महालेखापरीक्षकको ६१ औं वार्षिक प्रतिवेदन, २०८१ पेश गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री तोयम राया। (२०८१।०२।१३) शितल निवास



सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यू समक्ष महालेखापरीक्षकको ६१ औं वार्षिक प्रतिवेदन, २०८१ पेश पश्चात् लिईएको सामूहिक तस्वीर।

महालेखापरीक्षकको ६१औं वार्षिक प्रतिवेदनको सारांश

नेपालको संविधानको धारा २९४(३) बमोजिम प्रदेशको काम कारबाहीका सम्बन्धमा सात वटै प्रदेशको अलग-अलग प्रतिवेदन तयार गरिएको र त्यसलाई सम्बन्धित प्रदेश प्रमुख समक्ष ज्येष्ठको तेस्रो हप्तामा पेश गर्ने कार्य समेत सम्पन्न भएको छ । त्यसै गरी यस वर्ष ७५३ स्थानीय तहमध्ये आर्थिक वर्ष २०७८।७९ को बक्यौता २ सहित ७४८ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) बमोजिम सम्बन्धित स्थानीय तहमा छुट्टाछुट्टै लेखापरीक्षण प्रतिवेदन जारी गरिएका छन् । महालेखापरीक्षकको ६१ औं वार्षिक प्रतिवेदनमा समाविष्ट छ (६) परिच्छेद अन्तर्गत लेखापरिक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएका बेरूजुको स्थिति, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति, भविष्यमा गर्नुपर्ने सुधार र कार्यालय गतिविधिलाई समावेश गरिएको छ । साथै सार्वजनिक निकायबाट भएका काम कारबाहीको बारेमा सरोकारवालालाई सुसूचित गराउन वार्षिक प्रतिवेदनका सारभूत विषयहरू समावेश गरी ६१औं वार्षिक प्रतिवेदन, २०८१ को सारांश समेत तयार पारिएको छ ।

१. महालेखापरीक्षकको ६१ औं वार्षिक प्रतिवेदनमा संघीय एकाइहरू (संघ, प्रदेश र स्थानीय तह) तथा सो अन्तर्गतका अन्य संस्था र समिति समेतको लेखापरीक्षण रकम र बेरूजूको अवस्था देहायअनुसार रहेको छः

समष्टिगत लेखापरीक्षण

	लेखापरीक्षण गरिएका निकाय र विषय		सङ्ख्या	(रू. करोडमा)
(क)	वित्तीय लेखापरीक्षण			
	१. सङ्घीय मन्त्रालय तथा निकाय (बक्यौता १२ समेत)		३२७७	२४६१११
	२. प्रदेश मन्त्रालय तथा निकाय (बक्यौता २ समेत)		१२७०	३२३३४
	३. स्थानीय तह (बक्यौता २ समेत)		७४८	११३९१९
	४. समिति र अन्य संस्था (प्रदेशतर्फको ११८ समेत)		२१७	२९६८५
	५. सङ्गठित संस्था		९३	३६६१११
(ख)	कार्यमूलक लेखापरीक्षण	९	-	-
(ग)	वातावरणीय लेखापरीक्षण	२	-	-
(घ)	सूचना प्रविधि लेखापरीक्षण	१	-	-

यो वर्ष सङ्घीय मन्त्रालय तथा निकाय मातहतका ३ हजार २७७ कार्यालयको रू २४ खर्ब ६१ अर्ब ११ करोड, प्रदेश मन्त्रालय तथा निकाय मातहतका १ हजार २७० कार्यालयको रू.३ खर्ब २३ अर्ब ३४ करोड, स्थानीय तह ७५३ मध्ये ७४६ र गत वर्षको बक्यौता २ समेत ७४८ को रू.११ खर्ब ३९ अर्ब १९ करोड, २१७ समिति र अन्य संस्थाको रू.२ खर्ब ९६ अर्ब ८५ करोड र ९३ सङ्गठित संस्थाको रू.३६ खर्ब ६१ अर्ब ११ करोडसमेत रू.७८ खर्ब ८१ अर्ब ६० करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। वित्तीय लेखापरीक्षणको अतिरिक्त ९ विषयको कार्यमूलक, २ विषयको वातावरणीय र १ विषयको सूचना प्रविधि लेखापरीक्षण गरिएको छ।

सरकारी बजेट र राजस्व कार्यान्वयन स्थिति

- **सरकारी बजेट तथा खर्च** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७७।७८ र २०७८।७९ को यथार्थ खर्च तथा २०७९।८० को सङ्घीय सरकारको शीर्षकगत/क्षेत्रगत बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रू.लाखमा)

शीर्षक/क्षेत्र	२०७७।७८ को यथार्थ खर्च	२०७८।७९ को यथार्थ खर्च	२०७९।८० को		
			बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
चालु खर्च	८४६२१७३	९५४३१६७	११८३२३५१	९९१५०६८	८३.८०
पुँजीगत खर्च	२२८८३६१	२१६२१३१	३८०३८४५	२३४६२४७	६१.६८
वित्तीय व्यवस्था (साँवा ब्याज भुक्तानी)	१२१६२२६	१३९४७१०	२३०२१७७	१९५१९५५	८४.७९
जम्मा	११९६६७६०	१३१००००	१७९३८३७३	१४२१३२७०	७९.२३
सामान्य सार्वजनिक सेवा	६३४६१६१	५२१७६९३	५७३४४३८	५२५८८५१	९१.७१
रक्षा	५१९१३९	५३२९७०	५५४७३८	६००१३८	१०८.१८
सार्वजनिक शान्ति सुरक्षा	५७०४२९	७२३८४८	६५४००२	७९७६४४	१२१.९६
आर्थिक मामिला	२३६०२२९	३३१२४६३	४६६७७०८	४२११६७०	९०.२३
वातावरण संरक्षण	६५९५९	५४४७६	११०२२९	४४५१७	४०.३९
आवास तथा सामुदायिक सुविधा	४४९९५२	३५०५७२	८८६०८८	४२२९४७	४७.७३
स्वास्थ्य	४९६१३१	७४९३३६	१२३२५५१	५२०६७०	४२.२४
संस्कृति तथा धर्म	४०६०२	४६९१८	९६२९२	५८१०५	६०.३४
शिक्षा	३७१४५८	४२६१६६	१९६८९३१	५२८६९५	२६.८५
सामाजिक सुरक्षा	७४६७००	१६८५४६६	२०३३३९६	१७७००३३	८७.०५
जम्मा	११९६६७६०	१३१००००	१७९३८३७३	१४२१३२७०	७९.२३

द्रष्टव्यः स्वास्थ्य र शिक्षा क्षेत्रको बजेट अनुमानमा समावेश भए तापनि प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण भई हुने खर्च तालिकामा समावेश गरिएको छैन।

- **खर्चको स्थिति** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको कुल चालु र पुँजीगत खर्चमध्ये रकमको आधारमा बढी खर्च गर्ने १० सङ्घीय मन्त्रालय तथा अन्य निकायको खर्चको विवरण निम्नानुसार छः

(रू.लाखमा)

चालु खर्च				पुँजीगत खर्च			
क्र.सं.	मन्त्रालय/निकाय	रकम	प्रतिशत	क्र.सं.	मन्त्रालय/निकाय	रकम	प्रतिशत
१	अर्थ	१६२११७९	१६.३५	१	भौतिक पूर्वाधार तथा यातायात	८७५०४६	३७.३०
२	गृह	९०८२९४	९.१६	२	सहरी विकास	३३६६५२	१४.३५
३	रक्षा	६५५००८	६.६१	३	ऊर्जा, जलस्रोत तथा सिँचाइ	२९८६५२	१२.७३
४	कृषि तथा पशुपन्छी विकास	४२६६११	४.३०	४	रक्षा	२३८१२६	१०.१५
५	शिक्षा, विज्ञान तथा प्रविधि	३१२०००	३.१५	५	खानेपानी	१५६२७९	६.६६
६	स्वास्थ्य तथा जनसंख्या	२४६६९३	२.४९	६	गृह	७९५५९	३.३९
७	भौतिक पूर्वाधार तथा यातायात	९२९२९	०.९४	७	शिक्षा, विज्ञान तथा प्रविधि	५०९८७	२.१७
८	निर्वाचन आयोग	७२०४७	०.७३	८	वन तथा वातावरण	३२६९४	१.३९
९	परराष्ट्र	५६४१८	०.५७	९	अर्थ	२२५०९	०.९६
१०	सर्वोच्च अदालत	५३८९२	०.५४	१०	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन	१९७५७	०.८४
११	अन्य मन्त्रालय तथा निकायहरू	५४६९९९७	५५.१६	११	अन्य मन्त्रालय तथा निकायहरू	२३५९८६	१०.०६
	जम्मा	९९१५०६८	१००.००		जम्मा	२३४६२४७	१००.००

चालु र पुँजीगत खर्चबाहेक वित्तीय व्यवस्था खर्च रू.१ खर्ब ९५ अर्ब २० करोड रहेको छ। प्रदेशहरू र स्थानीय तह ७५३ लाई गएको अनुदान रकमसमेत अन्य मन्त्रालय र निकायहरुको चालु खर्चतर्फ समावेश रहेको छ।

- **स्रोतगत खर्च** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार सङ्घीय सरकारको २०७७।७८ र २०७८।७९ को यथार्थ खर्च तथा २०७९।८० को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रू. लाखमा)

स्रोत	२०७७।७८ को यथार्थ खर्च	२०७८।७९ को यथार्थ खर्च	२०७९।८० को		गत वर्षको तुलनामा वृद्धि प्रतिशत
			अनुमान	यथार्थ खर्च	
नेपाल सरकार	९८४५९७३	११५१८१९०	१४९६११७९	१२८१७५७८	११.२८
वैदेशिक अनुदान	३६४८१३	२७४८१७	५५४५८३	२३३८२२	-१४.९२
वैदेशिक ऋण	१७५५९७४	१३०७००१	२४२२६११	११६१८७०	-११.१०
जम्मा	११९६६७६०	१३१००००	१७९३८३७३	१४२१३२७०	८.५०

- ❖ यो वर्ष नेपाल सरकारको स्रोततर्फको खर्च रू.१२ खर्ब ८१ अर्ब ७६ करोडमध्ये राजस्वबाट रू.८ खर्ब ९९ अर्ब १७ करोड (७०.१५ प्रतिशत) व्यहोरेको छ।
- ❖ यो वर्ष वैदेशिक अनुदानतर्फ १६ निकायअन्तर्गत रू.५५ अर्ब ४६ करोड प्राप्त हुने अनुमान रहेकोमा रू.२३ अर्ब ३८ करोड (४२.१६ प्रतिशत) प्राप्त भएको र वैदेशिक ऋणतर्फ १५ निकाय अन्तर्गत रु. २ खर्ब ४२ अर्ब २६ करोड प्राप्त हुने अनुमान रहेकोमा रू.१ खर्ब १६ अर्ब १९ करोड (४७.९६ प्रतिशत) प्राप्त भएको छ।

- **राजस्व असुली** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार सङ्घीय सरकारले प्राप्त गरेको राजस्वको स्रोतअनुसार २०७७।७८ र २०७८।७९ को यथार्थ विवरण तथा २०७९।८० को अनुमान र यथार्थ विवरण स्थिति निम्नानुसार छः

(रू.लाखमा)

विवरण	२०७७।७८ को यथार्थ	२०७८।७९ को यथार्थ	२०७९।८० को		
			अनुमान	यथार्थ	प्रतिशत
कुल राजस्व	८६८६०२९	९८९६२१७	१२४०११७९	८९९१७६१	७२.५१
१. कर राजस्व	७६१०५६६	८५६२६४०	११३२३४६७	७४८४२००	६६.०९
२. अन्य राजस्व, बेरुजु रकम र अन्य प्राप्ति	१०४३२२८	१३०५१९३	१०७७७१२	१३८९४२०	१२८.९२
३. साँवा फिर्ता	३२२३५	२८३८४	-	११८१४१	-

गत वर्षको तुलनामा यो वर्ष राजस्व असुली ९.१४ प्रतिशतले घटेको देखिन्छ। आर्थिक वर्ष २०७९।८० को असुलीमा बेरुजु रकम र अन्य प्राप्ति रू.५३ अर्ब ३० करोड २५ लाख समेत समावेश छ। राजस्व अनुमान नगरेको साँवा फिर्ताबाट रू.११ अर्ब ८१ करोड ४१ लाख प्राप्त भएको छ।

बेरूजुको स्थिति

- **बेरूजु** - यो वर्ष सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, समिति र अन्य संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको बेरुजु रू.९५ अर्ब ६० करोड २१ लाख रहेको छ। सो बेरुजु अङ्कको वर्गीकरण निम्नानुसार छः

(रू.लाखमा)

वर्गीकरण	सङ्घीय सरकारी कार्यालय	प्रदेश सरकारी कार्यालय	स्थानीय तह	सङ्घीय समिति/ अन्य संस्था	प्रदेश समिति/ अन्य संस्था	जम्मा	कुल बेरुजुको प्रतिशत
१. असुल गर्नुपर्ने	१५५१४५	८७३७	४१५८४	२७६४३	८९९	२३४००८	२४.४७
२. नियमित गर्नुपर्ने	२८९२४५	४२७११	२४०३४०	७०७९७	७२६४	६५०३५७	६८.०३
२.१ अनियमित भएको	२७०९६	१५२५७	१०८६६८	२२२४६	३७००	१७६९६७	१८.५१
२.२ प्रमाण कागज पेस नभएको	२६१७८९	२७४२६	१३११६५	४८२५०	३४०८	४७२०३८	४९.३८
२.३ जिम्मेवारी नसारेको	०	०	०	०	०	०	०.००
२.४ शोधभर्ना नलिएको	३६०	२८	५०८	३०१	१५६	१३५३	०.१४
३. पेस्की	२०९७२	१४२४१	२८२२८	७९७८	२३७	७१६५६	७.५०
जम्मा बेरुजु	४६५३६२	६५६८९	३१०१५२	१०६४१८	८४००	९५६०२१	१००

द्रष्टव्यः १. उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन।
२. सङ्गठित संस्थाहरूको लेखापरीक्षणबाट देखिएको बेरुजुको लगत राख्ने एवं सम्परीक्षण गर्ने कार्य सम्बन्धित निकायबाटै हुने भएकोले उल्लिखित अङ्कमा समावेश छैन।

- **लेखापरीक्षण र बेरुजु अङ्क** - यो वर्ष ५ हजार ६०५ सरकारी कार्यालय, सङ्गठित संस्था तथा अन्य संस्थाको रु.७८ खर्ब ८१ अर्ब ६० करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण सम्पन्न गरिएका निकाय र विषयगत अवस्था निम्नानुसार छः

(रू. करोडमा)

लेखापरीक्षण गरिएका निकाय र विषय	संख्या	लेखापरीक्षण रकम	बेरुजु	बेरुजु प्रतिशत
१. सङ्घीय मन्त्रालय तथा निकाय (बक्यौता १२ समेत)	३२७७	२४६१११	४६५४	१.८९
२. प्रदेश मन्त्रालय तथा निकाय (बक्यौता २ समेत)	१२७०	३२३३४	६५७	२.०३
३. स्थानीय तह (बक्यौता २ समेत)	७४८	११३९१९	३१०१	२.७२
४. सङ्घीय संस्था, समिति र अन्य संस्था	१९२	३९२०४७	१०६४	०.२७
५. प्रदेश संस्था, समिति र अन्य संस्था	११८	३७४९	८४	२.२४
जम्मा	५६०५	७८८१६०	९५६०	१.२१

द्रष्टव्यः सङ्गठित संस्थाको बेरुजु लगत कायम नगरिने भएकोले यस तालिकामा समावेश गरिएको छैन।

- **अद्यावधिक बेरुजु** - सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह र संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको अद्यावधिक बेरुजु रू.६ खर्ब ६९ अर्ब ८६ करोड रहेको छ। अद्यावधिक बेरुजु गत वर्ष भन्दा १४.०५ प्रतिशतले बढेको छ।

(रू. लाखमा)

विवरण	विगतको बेरुजु	समायोजनबाट थप (घट)	फर्स्यौट तथा सम्परीक्षण	विगतको खुद बाँकी	चालू वर्षको थप बेरुजु	अद्यावधिक बाँकी बेरुजु
सङ्घीय सरकारी कार्यालयहरू	२९६१३२९	०	०	२९६१३२९	४६५३६२	३४२६६९१
प्रदेश सरकारी कार्यालयहरू	२४३७८०	(२८)	२४७५७	२१८९९५	६५६८९	२८४६८४
स्थानीय तह	१७२६०५३	०	१०१६२२	१६२४४३१	३१०१५२	१९३४५८३
अन्य संस्था समिति (प्रदेश समेत)	९४२२३१	(११)	४३५७	९३७८६३	११४८१८	१०५२६८१
जम्मा	५८७३३९३	(३९)	१३०७३६	५७४२६१८	९५६०२१	६६९८६३९

- **कारबाही टुङ्गो लगाउनुपर्ने रकम** - सङ्घीय तथा प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फको बेरुजुका अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमका सम्बन्धमा समयमा नै कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रू.५ खर्ब १३ अर्ब ४० करोड ४३ लाख रहेको छ।

(रू. लाखमा)

क्र.स.	विवरण	गत वर्षसम्म	यस वर्ष थप /घट र समायोजन	अद्यावधिक रकम
१	लेखापरीक्षण बक्यौता (प्रदेश समेत)	७८०३०	२०७२५	९८७५५
२	राजस्व बक्यौता	३२५७३२८	१०९६९५४	४३५४२८२
३	शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान	१५०६०६	१०३३९	१६०९४५
४	शोधभर्ना लिन बाँकी वैदेशिक ऋण	२१८०४९	(१६२११५)	५५९३४
५	जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज	२०५००	४४३६२७	४६४१२७
	जम्मा	३७२४५१३	१४०९५३०	५१३४०४३

उक्त रकममा अद्यावधिक बेरुजु रू.६ खर्ब ६९ अर्ब ८६ करोड ४० लाख थप गर्दा कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रू.११ खर्ब ८३ अर्ब २६ करोड ८३ लाख पुगेको छ। यस प्रकारको रकम वृद्धि हुनुमा राजस्व बक्यौता तथा बेरुजु रकम मुख्य कारण रहेको देखिन्छ।

- **बेरुजु विश्लेषण** - सङ्घीय र प्रदेश सरकारी कार्यालय, स्थानीय तह, सङ्गठित संस्था, अन्य समितिको बेरुजुको अवस्था निम्नानुसार छः

❖ यो वर्ष सङ्घीय र प्रदेश सरकारी कार्यालय, स्थानीय तह, सङ्गठित संस्था, समिति तथा अन्य संस्थासमेतको रु.७८ खर्ब ८० अर्ब ८७ करोडको लेखापरीक्षण गर्दा रू.१ खर्ब २७ अर्ब ७४ करोड बेरुजु देखिएको छ। लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलब्ध गराए पश्चात् रू.३२ अर्ब १४ करोड (कुल बेरुजुको २५.१६ प्रतिशत) सम्परीक्षण भएकोले रू.९५ अर्ब ६० करोड बेरुजु फर्स्यौट हुन बाँकी रहेको छ। यो वर्षसम्म फर्स्यौट गर्न बाँकी कुल बेरुजु रू.६ खर्ब ६९ अर्ब ८६ करोड रहेको छ।

ीय सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजु हुने मन्त्रालयहरु निम्नानुसार छन्:

(रू. लाखमा)

क्र.सं.	मन्त्रालय/निकाय	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क				कुल बेरुजुको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजु प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेस्की बाँकी	जम्मा		
१	अर्थ	१७२२५७२८	३५५३२	२१९२१५	२	२५४७४९	५४.७४	१.४८
२	भौतिक पूर्वाधार तथा यातायात	१३२१४१६	६९०९९	३५३३३	१६५०६	१२०९३८	२५.९९	९.१५
३	सञ्चार तथा सूचना प्रविधि	१५७१३६	३०५७४	६६९	०	३१२४३	६.७१	१९.८८
४	ऊर्जा, जलस्रोत तथा सिँचाइ	४४२३५५	२८४७	७१३६	१८४	१०१६७	२.१९	२.३०
५	सहरी विकास	४३४३३६	२४०४	५४०८	१३९८	९२१०	१.९८	२.१२
६	खानेपानी	१८५३३८	१२०८	५४५६	९८२	७६४६	१.६४	४.१३
७	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण	३४१४२१	३७५७	२१८६	११६	६०५९	१.३०	१.७७
८	गृह	१२७१२०२	६६	५०३२	३०६	५४०४	१.१६	०.४३
९	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन	७४२०६	३९२६	१५१	०	४०७७	०.८८	५.४९
१०	परराष्ट्र	१७६५२५	७५२	२८४७	२६८	३८६७	०.८३	२.१९
११	अन्य	२९८१४५३	४९८०	५८१२	१२१०	१२००२	२.५८	०.४०
	जम्मा	२४६१११६	१५५१४५	२८९२४५	२०९७२	४६५३६२	१००	१.८९

उल्लिखित १० मन्त्रालयमा सङ्घीय सरकारी कार्यालयतर्फको कुल बेरुजुको ९७.४२ प्रतिशत रहेको छ ।

- यो वर्ष ३ हजार २७७ सङ्घीय सरकारी कार्यालयको लेखापरीक्षण गरिएकोमा १ हजार २७९ कार्यालय (३९.०३ प्रतिशत) र प्रदेश सरकारी कार्यालयतर्फ १ हजार २७० को लेखापरीक्षण गरिएकोमा ३७९ कार्यालय (२९.८४ प्रतिशत) मा लगती बेरुजु देखिएन।
- यो वर्ष सङ्घीय सरकारी कार्यालय, प्रदेश र स्थानीय तहको (बक्यौता समेत) लेखापरीक्षणबाट १ लाख ९२ हजार ५८३ दफा बेरुजु देखिएकोमा ७४ हजार १२८ दफा सैद्धान्तिक र १ लाख ५ हजार ५ दफा लगती बेरुजु कायम भएको छ।
- सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, समिति र अन्य संस्थातर्फ यो वर्ष लेखापरीक्षणबाट असुल गर्नुपर्ने देखिएको सङ्घीय सरकारी कार्यालयतर्फका २९ मन्त्रालय/निकाय अन्तर्गतका कार्यालयले लेखापरीक्षणको क्रममा रू.३४ करोड १२ लाख र प्रारम्भिक प्रतिवेदन पठाएपछि १९ मन्त्रालय/ निकायअन्तर्गतका कार्यालयले रू.१६ करोड ९ लाख तथा अन्य निकायले रू.१९ अर्ब ८३ करोड ५४ लाख, प्रदेश सरकार मातहतका निकायले रू.१८ करोड ९४ लाख र स्थानीय तहले रू.१ अर्ब २८ करोड ९१ लाख असुल गरेका छन्। त्यसै गरी गत वित्तको बेरुजु सम्परीक्षणको क्रममा रू. ३५ करोड ५३ लाख असुल भएकोले समग्रमा लेखापरीक्षणबाट रू.२२ अर्ब १७ करोड १३ लाख असुल भएको छ।

  यो वर्षको सङ्घीय सरकारी कार्यालयतर्फ लेखापरीक्षणबाट असुल गर्न बाँकी देखिएको रू.१५ अर्ब ५१ करोड ४५ लाखमध्ये १० मन्त्रालय/निकायको रू.१५ अर्ब १८ करोड ५८ लाख (९७.८८ प्रतिशत) र बाँकी मन्त्रालय/निकायको रू.३२ करोड ८७ लाख (२.१२ प्रतिशत) देखिएको छ।

पन्ध्रौं योजनाको चौथो वर्षको उपलब्धि — महालेखापरीक्षकको एकसठ्ठी (६१) औं वार्षिक प्रतिवेदनमा समावेश भए अनुसार पन्ध्रौं योजना कार्यान्वयनमा आएको आधार वर्षको तुलनामा चौथो वर्षमा केही सूचकमा सुधार आए तापनि धेरै सूचकमा अपेक्षाकृत उपलब्धि हासिल भएको छैन। अपेक्षित सूचक तथा उपलब्धिको स्थिति निम्नानुसार छः

क.सं.	सूचक	आधार वर्ष (२०७५।७६)	२०७९।८० को लक्ष्य	२०७९।८० को उपलब्धि
१.	वार्षिक औसत आर्थिक वृद्धिदर (उपभोक्ता मूल्यमा, प्रतिशत)	६.८	९.६	१.८६
२.	कृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	४.८	५.८	२.७
३.	उद्योग क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	१२.२	१३.२	०.५६
४.	सेवा क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	७.९	१०.०	२.३३
५.	वार्षिक औसत मुद्रास्फीति (प्रतिशत)	४.६	६.०	७.७४
६.	प्रतिव्यक्ति राष्ट्रिय आय (अमेरिकी डलरमा)	१०४७	१४५६	१४१०
७.	निरपेक्ष गरिबीको रेखामुनिको जनसङ्ख्या (प्रतिशत)	१८.७	११.२	२०.२७
८.	मानव विकास सूचकाङ्क	०.५७९	०.६१८	०.६०१
९.	अपेक्षित आयु (जन्म हुँदाको वर्ष)	६९.७	७२.०	७०.५
१०.	खानेपानी सेवा पुगेको जनसङ्ख्या (प्रतिशत)	८९	९८.०	९७.०
११.	१५-२४ वर्ष उमेर समूहको साक्षरता दर (प्रतिशत)	९२	९८.०	८९.०
१२.	विद्युत उत्पादन (जडित क्षमता, मेगावाट)	१२५०	४१३३	३०८४.१
१३.	विद्युतमा पहुँच प्राप्त परिवार (प्रतिशत)	८८	१००	९५.०
१४.	इन्टरनेट सेवामा पहुँच प्राप्त जनसङ्ख्या (प्रतिशत)	६५.९	७७	८५

उल्लिखित विवरणअनुसार वार्षिक आर्थिक वृद्धिदर, कृषि, उद्योग र सेवा क्षेत्रको वार्षिक वृद्धिदर क्रमशः ९.६, ५.८, १३.२ र १० प्रतिशत हासिल गर्ने लक्ष्य रहेकोमा क्रमशः १.८६, २.७, ०.५६ र २.३३ प्रतिशत रहेको छ। विद्युत उत्पादन जडित क्षमता ४ हजार १३३ मेगावाट पुऱ्याउने लक्ष्य रहेकोमा ३ हजार ८४ मेगावाट र विद्युत पँहुच प्राप्त परिवार सङ्ख्या १०० प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ९५ प्रतिशत पुगेको छ। गरिबीको रेखामुनिको जनसङ्ख्या ११.२ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा २०.२७ प्रतिशत रहेको देखिन्छ।

बेरुजु सम्परीक्षण - यो वर्षको लेखापरीक्षणबाट रू.१ खर्ब २७ अर्ब ७३ करोड ६३ लाख बेरुजु देखिएकोमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ बमोजिम बक्यौतासमेत २०७९।८० को लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराएकोमा ३५ दिनभित्र रू.३२ अर्ब १३ करोड ४२ लाख फर्स्यौट गरेकोले देहायबमोजिम रू.९५ अर्ब ६० करोड २१ लाख फर्स्यौट हुन बाँकी रहेको छः

(रू. लाखमा)

विवरण/इकाइ	प्रारम्भिक प्रतिवेदन		प्रतिक्रियाबाट फर्स्यौट		यस वर्षको फर्स्यौट हुन बाँकी	
	दफा	रकम	दफा	रकम	दफा	रकम
सङ्घीय सरकारी कार्यालयहरू	४०२३७	५२२१०३	१५८०	५६७४१	३८६५७	४६५३६२
प्रदेश सरकारी कार्यालयहरू	२०३८५	७१७८५	८५४	६०९६	१९५३१	६५६८९
स्थानीय तह	१३१९६१	३६११५१	११०१६	५०९९९	१२०९४५	३१०१५२
अन्य संस्था समिति (प्रदेश समेत)	१५९४८	३२२३२४	५१४	२०७५०६	१५४३४	११४८१८
जम्मा	२०८५३१	१२७७३६३	१३९६४	३२१३४२	१९४५६७	९५६०२१

बेरूजु फर्स्यौट तथा सम्परीक्षण - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा लेखापरीक्षणबाट औँल्याइएका बेरुजु प्रमाण पेस गरी, नियमित गरी वा असुलउपर गरी बेरुजु फर्स्यौट गर्नुपर्ने व्यवस्था छ। यसरी बेरुजु फर्स्यौट भएपछि महालेखापरीक्षकको कार्यालयबाट सम्परीक्षण गराउनुपर्ने व्यवस्थाअनुसार आर्थिक वर्ष २०६०।६१ देखिको बेरुजु फर्स्यौट तथा सम्परीक्षणको स्थिति देहायबमोजिम छः

(रू.लाखमा)

विवरण	विगतको बेरुजु	समायोजनबाट थप (घट)	फर्स्यौट तथा सम्परीक्षण	विगतको खुद बाँकी	चालू वर्षको थप बेरुजु	अद्यावधिक बेरुजु
सङ्घीय सरकारी कार्यालयहरू	२९६१३२९	-	-	२९६१३२९	४६५३६२	३४२६६९१
प्रदेश सरकारी कार्यालयहरू	२४३७८०	(२८)	२४७५७	२१८९९५	६५६८९	२८४६८४
स्थानीय तह	१७२६०५३	०	१०१६२२	१६२४४३१	३१०१५२	१९३४५८३
अन्य संस्था समिति (प्रदेश समेत)	९४२२३१	(११)	४३५७	९३७८६३	११४८१८	१०५२६८१
जम्मा	५८७३३९३	(३९)	१३०७३६	५७४२६१८	९५६०२१	६६९८६३९

२. **प्रदेशगत रूपमा छैठौं लेखापरीक्षण प्रतिवेदनमा खर्च र बेरूजूको अवस्थाः**

- **प्रदेशगत बेरूजु** - प्रदेश सरकार मातहतका सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको २०७९।८० को लेखापरीक्षण रकम र बेरुजु अङ्क निम्नानुसार छः

(रू. लाखमा)

प्रदेश	लेखापरीक्षण गरिएको कार्यालय संख्या	लेखापरीक्षण रकम	कुल बेरुजु रकम	पेस्की बाहेक बेरुजु रकम	बेरुजु प्रतिशत	पेस्की बाहेक बेरुजु प्रतिशत
कोशी	१९८	५२७८७१	१३१७६	१२४१२	२.५०	२.३५
मधेश	१४९	४७९४४७	१८५४२	१४०५७	३.८७	२.९३
बागमती	२२०	८४२२८२	९६४९	७७९६	१.१५	०.९३
गण्डकी	२१५	४११७५५	८०१७	६७७६	१.९५	१.६५
लुम्बिनी	२८९	५७९१५९	११२६३	९४४२	१.९५	१.६३
कर्णाली	१५५	३७३३६९	९६७८	७०१५	२.५९	१.८८
सुदूर पश्चिम	१६१	३९४३९९	३७६४	२३१४	०.९५	०.५९
जम्मा	१३८७	३६०८२८२	७४०८९	५९८१२	२.०५	१.६६

उपर्युक्त तालिकाअनुसार सबभन्दा बढी बेरुजु मधेश प्रदेशको ३.८७ प्रतिशत र सबैभन्दा कम बेरुजु सुदूरपश्चिम प्रदेशको ०.९५ प्रतिशत रहेको छ।

- **प्रदेशगत अद्यावधिक बेरुजु** - प्रदेश सरकार मातहत सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको गत वर्षसम्मको बाँकी बेरुजु रू.२७ अर्ब ९५ लाख १८ हजार रहेकोमा सम्परीक्षणबाट रू.२ अर्ब ९६ करोड ७० लाख १ हजार फर्स्यौट तथा समायोजनबाट रू.५ करोड ८० लाख ६७ हजार थप भई रू.२४ अर्ब १० करोड ५ लाख ८४ हजार बाँकी रहेको र यो वर्ष रू.७ अर्ब ४० करोड ८९ लाख ३६ हजार थप भई अद्यावधिक बेरुजु रू.३१ अर्ब ५० करोड ९५ लाख २० हजार रहेको छ। सो रकममा रू.८ अर्ब ३९ करोड ६१ लाख ७७ हजार पेस्की रहेको छ। यससम्बन्धी प्रदेशगत विवरण देहायबमोजिम छः

(रू. हजारमा)

प्रद	गत सम्मको बाँकी	समायोजन	सम्परीक्षण	बाँकी	यो वर्षको थप	छैटौं प्रतिवेदन सम्मको बाँकी	बेरुजु बाँकी मध्ये पेस्की
कोशी	४९६३३९४	-	७००५९७	४२६२७९७	१३१७६१०	५५८०४०७	८३३७९६
मधेश	६७६१८८९	३३८	३०५६११	६४५६६१६	१८५४२४२	८३१०८५८	२६९१६५०
बागमती	३३५०२५०	-	३४६०३	३३१५६४७	९६४९१४	४२८०५६१	९९४७५२
गण्डकी	२१४४४७०	३७३७०	२९७९८०	१८८३८६०	८०१६८२	२६८५५४२	७३३७२९
लुम्बिनी	३०५८१७५	१८८	१६३७३९	२८९४६२४	११२६३४५	४०२०९६९	१७७७३८५
कर्णाली	४३३९३८०	२०१७१	१३७९०४९	२९८०५०२	९६७७५२	३९४८२५४	७९१८२०
सुदूरपश्चिम	२३९१९६०	-	८५४२२	२३०६५३८	३७६३९१	२६८२९२९	५७३०४५
जम्मा	२७००९५१८	५८०६७	२९६७००१	२४१००५८४	७४०८९३६	३१५०९५२०	८३९६१७७

स्थानीय तहको लेखापरीक्षण रकम र बेरूजुः

- यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ७४६ स्थानीय तहको प्रदेशगत लेखापरीक्षण रकम र बेरूजु स्थिति देहाय अनुसार छः

(रू. लाखमा)

क्र.सं.	प्रदेश	लेखापरीक्षण गरिएका स्थानीय तह सङ्ख्या	लेखापरीक्षण रकम	म्याद नाघेको पेस्कीसमेत बेरूजु	बेरूजुमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरूजु प्रतिशत	पेस्की बाहेक बेरूजु प्रतिशत
१	कोशी	१३६	२०००८१५	५०७९८	२५९०	२.५४	२.४१
२	मधेश	१३२	१८३८३६६	९११५७	१०४१५	४.९६	४.३९
३	बागमती	११९	२३९७९३३	३९२५६	४८१५	१.६४	१.४४
४	गण्डकी	८५	१२२१६९५	२४२१२	१३९५	१.९८	१.८७
५	लुम्बिनी	१०९	१८१६८०५	४४८९३	२५५४	२.४७	२.३३
६	कर्णाली	७७	९४१९६७	३४५५०	३६७५	३.६७	३.२८
७	सुदूरपश्चिम	८८	११५२८३८	२३४८७	२७०४	२.०४	१.८
	जम्मा	**७४६**	**११३७०४१९**	**३०८३५३**	**२८१४८**	**२.७१**	**२.४६**

उल्लिखित तथ्याङ्कबाट लेखापरीक्षण अङ्कको तुलनामा सबैभन्दा बढी मधेश प्रदेशका स्थानीय तहमा ४.९६ प्रतिशत र सबैभन्दा कम बागमती प्रदेशका स्थानीय तहमा १.६४ प्रतिशत बेरूजु देखिएको छ।

- यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ७४६ स्थानीय तहको लेखापरीक्षण रकम तथा बेरूजु स्थिति यस प्रकार रहेको छः

(रू. लाखमा)

स्थानीय तह	लेखापरीक्षण गरिएको स्थानीय तह सङ्ख्या	लेखापरीक्षण रकम	म्याद नाघेको पेस्कीसमेत बेरूजु	बेरूजुमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरूजु प्रतिशत	पेस्की बाहेक बेरूजु प्रतिशत
महानगरपालिका	६	६६३९३५	१७४५७	३२६१	२.६३	२.१४
उपमहानगरपालिका	११	४७१६०१	१५०२०	१६१२	३.१८	२.८४
नगरपालिका	२७३	५१३१७५८	१३९४५८	१२८६८	२.७२	२.४७
गाउँपालिका	४५६	५१०३१२५	१३६४१७	१०४०७	२.६७	२.४७
जम्मा	**७४६**	**११३७०४१९**	**३०८३५४**	**२८१४८**	**२.७१**	**२.४६**

उल्लिखित तथ्याङ्कबाट लेखापरीक्षण अङ्कको तुलनामा सबैभन्दा बढी उप महानगरपालिकाहरूमा ३.१८ प्रतिशत र सबैभन्दा कम महानगरपालिकामा २.६३ प्रतिशत बेरूजु देखिएको छ।

- विगत वर्षको बक्यौता रहेका २४ मध्ये यो वर्ष देहायअनुसार २ स्थानीय तहको बक्यौता लेखापरीक्षण सम्पन्न भएको छः

(रू. लाखमा)

स्थानीय तह	लेखापरीक्षण गरिएको स्थानीय तह सङ्ख्या	लेखापरीक्षण रकम	म्याद नाघेको पेस्कीसमेत बेरूजु	बेरूजुमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरूजु प्रतिशत	पेस्की बाहेक बेरूजु प्रतिशत
नगरपालिका	१	१५३०७	१३९६	२०	९.१२	८.९९
गाउँपालिका	१	६१८८	४०२	६०	६.५०	५.५३
जम्मा	**२**	**२१४९५**	**१७९८**	**८०**	**८.३६**	**७.९९**

महानगरपालिकातर्फः

- लेखापरीक्षण तथा बेरूजु — यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ६ महानगरपालिकाको लेखापरीक्षण रकम तथा बेरूजु स्थिति निम्नानुसार रहेको छः

(रू. हजारमा)

क्र.सं.	महानगरपालिका	लेखापरीक्षण रकम	म्याद नाघेको पेश्कीसमेत बेरूजु	बेरूजुमध्ये पेश्की रकम	लेखापरीक्षणको तुलनामा बेरूजु प्रतिशत	पेश्की बाहेक बेरूजु प्रतिशत
१	विराटनगर	६८९३१६३	७११५३	५६०८	१.०३	०.९५
२	वीरगञ्ज	८११५३५१	५७९४८२	७८८१	७.१४	७.०४
३	काठमाडौं	२३१६२३४८	२५७०३४	१७७३९१	१.११	०.३४
४	ललितपुर	९७७९६५४	४५१०८	९८५३	०.४६	०.३६
५	भरतपुर	८५०९२८७	५१५	२०	०.०१	०.०१
६	पोखरा	९९३३६८७	७९२३७५	५४८८७	७.९८	७.४२
	जम्मा	६६३९३४९०	१७४५६६७	२५५६४०	२.६३	२.२४

उल्लिखित विवरण अनुसार लेखापरीक्षण रकमको तुलनामा पोखरा महानगरपालिकाको सबैभन्दा बढी ७.९८ प्रतिशत र भरतपुर महानगपालिकाको सबैभन्दा घटी ०.०१ प्रतिशत बेरूजु देखिएको छ ।

उपमहानगरपालिकातर्फः

- लेखापरीक्षण तथा बेरूजु — यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ११ उपमहानगरपालिकाको लेखापरीक्षण रकम तथा बेरूजु स्थिति निम्नानुसार रहेको छः

(रू. हजारमा)

क्र.सं.	उपमहानगरपालिका	लेखापरीक्षण रकम	म्याद नाघेको पेश्कीसमेत बेरूजु	बेरूजुमध्ये पेश्की रकम	लेखापरीक्षणको तुलनामा बेरूजु प्रतिशत	पेश्की बाहेक बेरूजु प्रतिशत
१	धरान	४२१९४८९	३२०३२	६२९	०.७६	०.७४
२	इटहरी	४६७४९८१	२१८७०४	६६८३	४.६८	४.५३
३	जनकपुरधाम	३९४५०९५	२५६१९८	१३१४४	६.४९	६.१६
४	जीतपुर-सिमरा	२७८४९६७	१४५४१७	५१५४७	५.२२	३.३७
५	कलैया	३४९०८९५	१०४४३५	२७०८०	२.९९	२.२१
६	हेटौंडा	५६५५६५०	१०६३४०	२५४४६	१.८८	१.४३
७	घोराही	५०३९५५२	१३४९०१	१२१२८	२.६८	२.४३
८	तुल्सीपुर	४१९६७२७	१३२४७१	२४७२	३.१६	३.१०
९	नेपालगञ्ज	४१२६६५२	१६५७५२	१०५३२	४.०२	३.७६
१०	बुटवल	४४६३०३६	१८०११६	९६९८	४.०४	३.८२
११	धनगढी	४५६३१०४	२५६३६	१७९६	०.५६	०.५२
	जम्मा	४७१६०१४८	१५०२००२	५७०८२	३.१८	३.०६

उल्लिखित विवरण अनुसार लेखापरीक्षण रकमको तुलनामा जनकपूरधाम उपमहानगरपालिकाको सबैभन्दा बढी ६.४९ प्रतिशत र धनगढी उपमहानगपालिकाको सबैभन्दा घटी ०.५६ प्रतिशत बेरूजु देखिएको छ ।

सूचना ! सूचना !! सूचना !!!

लेखापरीक्षणको लागि उच्च हिमाली लगायतका जिल्लामा लेखापरीक्षण टोली खटाइएको छ । सरकारी निकायका आर्थिक काम कारबाही तथा लेखापरीक्षण टोलीको कार्यको सन्दर्भमा कुनै सुझाव तथा गुनासो भएमा महालेखापरीक्षकको कार्यालयको टोल फ्री नम्बर १८१०५०००० ६१ मा रेकर्ड गराउनुहुन वा gunaso@oagnep.gov.np मा इमेल गरिदिनु हुन अनुरोध छ । प्रथम चरणमा लेखापरीक्षण हुने जिल्लाको विवरण महालेखापरीक्षकको कार्यालयको वेबसाइट oag.gov.np मा प्रकाशन गरिएको छ।

महालेखापरीक्षकको दृष्टिमा सार्वजनिक जवाफदेहिता

शासकीय प्रबन्ध

- कानुन निर्माण, स्रोत बाँडफाँट र कार्यक्षेत्रको स्पष्टता हुनुपर्ने,
- समसामयिक कानुन निर्माण र विद्यमान कानुनमा संशोधन हुनुपर्ने,
- साझा अधिकार सूचीका कानुन तर्जुमामा सम्बद्ध पक्षको सहभागिता हुनुपर्ने,
- कानुनको कार्यान्वयन एवं परिपालनाको प्रत्याभूति हुनुपर्ने,
- राजनीति र प्रशासनबीच अन्तरसम्बन्ध र सीमा स्पष्ट हुनुपर्ने,
- कूटनीतिक सम्बन्धलाई प्रभावकारी बनाउनुपर्ने,
- प्रशासनिक र वित्तीय स्वायत्तता मार्फत संवैधानिक निकायलाई थप प्रभावकारी बनाउनुपर्ने,
- फैसला तथा निर्णय कार्यान्वयनमा सुनिश्चितता ल्याउनुपर्ने,
- सार्वजनिक संस्था र नियमनकारी निकायको कार्यसम्पादनमा प्रभावकारिता ल्याउनुपर्ने।

अर्थतन्त्र

- लक्ष्य अनुरूप आर्थिक वृद्धिदर हासिल हुने गरी कार्यसम्पादन गर्नुपर्ने,
- व्यापार सन्तुलनका लागि आन्तरिक उत्पादनमा जोड दिनुपर्ने,
- लगानीमैत्री वातावरण तयार गर्नुपर्ने,
- अर्थतन्त्रका नवीन क्षेत्रहरूको पहिचान गरी लगानी विस्तार गर्नुपर्ने,
- विप्रेषणलाई औपचारिक माध्यमबाट भित्र्याई उत्पादनशील कार्यमा उपयोग गर्नुपर्ने,
- अनौपचारिक अर्थतन्त्रलाई राष्ट्रिय लेखामा समेट्नुपर्ने,
- प्राकृतिक स्रोतको उपयोग र दिगोपनामा जोड दिनुपर्ने,
- कर प्रशासनलाई थप चुस्त र करदातामैत्री बनाई राजश्व वृद्धिमा जोड दिनुपर्ने,
- वित्तीय संसाधनको पारदर्शी परिचालन गर्नुपर्ने,
- सरकार, निजीक्षेत्र, सहकारी र विकास साझेदारसँग गहन साझेदारी विकास गर्नुपर्ने।

सार्वजनिक वित्त व्यवस्थापन

- कुल गार्हस्थ उत्पादनको मापन र राजस्वको प्रक्षेपण वस्तुपरक बनाउनुपर्ने,
- तीनै तहको कराधारलाई दिगो र फराकिलो बनाउने,
- राजस्व परिचालनका सबै आयामको अवलम्बन तथा चुहावट नियन्त्रण गर्नुपर्ने,
- राष्ट्रिय हित र प्राथमिकताका क्षेत्रमा मात्र सार्वजनिक ऋण परिचालन गर्नुपर्ने,
- बजेट र यथार्थ खर्चबीचको अन्तर न्यून गर्नुपर्ने,
- नगद प्रवाहको पूर्वानुमान गरी सार्वजनिक खर्च भुक्तानी सन्तुलित बनाउनुपर्ने,
- रकमान्तर तथा स्रोतान्तरलाई न्यूनीकरण गर्नुपर्ने,
- सबै विकास सहायता परिचालन बजेट प्रणाली मार्फत हुनुपर्ने,
- सार्वजनिक खर्चलाई मितव्ययी र उत्पादनमूलक बनाउनुपर्ने,
- सार्वजनिक संस्थान सञ्चालनमा व्यावसायिक कुशलता ल्याउनुपर्ने,
- लेखापालन, प्रतिवेदन तथा लेखापरीक्षणलाई समयानुकूल सुधार गर्नुपर्ने।

सार्वजनिक सम्पत्तिको व्यवस्थापन

- सार्वजनिक सम्पत्तिको खरिद प्रक्रिया पारदर्शी, कुशल र व्यवस्थित हुनुपर्ने,
- स्रोत र साधनको बाँडफाँट र परिचालनमा कार्यकुशलता ल्याउनुपर्ने,
- सार्वजनिक सम्पत्तिको एकीकृत अभिलेख, उपयोग र उचित मर्मत सम्भार गर्नुपर्ने,
- उपयोग नहुने अवस्थामा रहेका सम्पत्तिको निःसर्ग गरी व्यवस्थापन गर्नुपर्ने,
- सार्वजनिक सम्पत्ति लिजमा दिँदा लिज कार्यनीतिको परिपालना गर्नुपर्ने,
- सार्वजनिक निर्माणमा गुणस्तरको प्रत्याभूति हुनुपर्ने,
- ऐतिहासिक, पुरातात्त्विक, धार्मिक सम्पदा एवं सम्पत्तिको संरक्षण र संवर्धन गर्नुपर्ने,
- सार्वजनिक संस्थानको सम्पत्तिको संरक्षण र उपयोग गर्दै अभिलेख व्यवस्थित गर्नुपर्ने।
- सार्वजनिक सम्पत्तिको समानुपातिक उपयोग गर्नुपर्ने,
- निर्मित संरचनाको संचालन र भौतिक अवस्था जि. पी. एस. मा आवद्ध गर्ने।

विकास व्यवस्थापन

- आवधिक, वार्षिक र त्रैमासिक लक्ष्य र सोको उपलब्धि मूल्याङ्कन गर्नुपर्ने,
- बजेट, कार्यक्रम र उपलब्धिलाई व्यक्तिगत जवाफदेहितासँग जोड्नुपर्ने,
- दिगो विकास लक्ष्य, आवधिक योजना, नीति कार्यक्रम र बजेटबिच तादतम्यता गर्नुपर्ने,
- आयोजना बैङ्कबाट मात्र आयोजना छनोट गरी बजेट विनियोजन गर्नुपर्ने,
- उपभोक्ता समितिबाट भएका निर्माण कार्यहरूमा गुणस्तर सुनिश्चितता हुनुपर्ने,
- आयोजनाहरू निर्धारित समय र लागतमा सम्पन्न गर्न आवश्यक प्रबन्ध मिलाउनुपर्ने,
- आयोजना सञ्चालनमा परामर्शदाता माथिको अधिक निर्भरता घटाउनुपर्ने,
- पूर्व तयारीका कार्य सम्पन्न गरेर मात्र ठेक्का व्यवस्थापन गर्नुपर्ने,
- सार्वजनिक निकायबीच अन्तर समन्वय कायम गरी पूर्वाधार निर्माण गर्नुपर्ने,
- कार्यक्रम, खरिद योजना र यसको समयसीमालाई कडाइका साथ कार्यान्वयन गर्नुपर्ने,
- पूर्वाधार निर्माणमा आधुनिक प्रविधि र विधिको उपयोग गरी लागत प्रभावी बनाउनुपर्ने।

सूचना प्रविधि

- सूचना प्रविधिको आवश्यकता तथा लाभ लागत विश्लेषण गरी खरिद, प्रयोग र उपयोगको प्रबन्ध गर्नुपर्ने,
- प्रणाली खरिदका लागि मापदण्ड तथा नर्म्स तयार गर्नुपर्ने,
- प्रणालीमा पहुँच, गोपनीयता र सुरक्षा सम्बन्धी कानुनी व्यवस्था गर्नुपर्ने,
- व्यवस्थापन सूचना प्रणालीहरूलाई एकीकृत वा अन्तरआवद्ध गरी सञ्चालन गर्नुपर्ने,
- प्रणालीहरूको नियमित सञ्चालन, मर्मत सम्भार र अद्यावधिक गरी विश्वसनीय बनाउनुपर्ने,
- प्रणाली सञ्चालनमा दिगोपनाका लागि क्षमता विकास मार्फत स्थानीयकरण गर्नुपर्ने,
- सूचना प्रविधिको प्रयोग र यसबाट सेवाप्रवाहमा परेको प्रभाव अध्ययन गर्नुपर्ने,
- कृत्रिम बौद्धिकता (एआई) को प्रयोग र सोको लाभ सम्बन्धमा अध्ययन गर्नुपर्ने,
- सूचना प्रविधिमा गरेको खर्च, यससँग सम्बन्धित यन्त्र उपकरणको अभिलेख व्यवस्थित गर्नुपर्ने,
- सूचना प्रविधिसँग सम्बन्धित यन्त्र उपकरणको निःसर्गलाई वातावरणमैत्री बनाइनुपर्ने।

सार्वजनिक प्रशासन

- सेवा प्रवाहको प्रभावकारिताको लागि समयानुकूल कानुन तर्जुमा एवं संशोधन गर्नुपर्ने,
- सूचकमा आधारित कार्यसम्पादन मूल्याङ्कन प्रणाली लागु गर्नुपर्ने,
- सेवा प्रवाहको प्रभावकारिताका लागि नागरिक सचेतना र पृष्ठपोषणको विधि तय गर्नुपर्ने,
- सार्वजनिक प्रशासनलाई व्यावसायिक तथा नतिजामुखी बनाउनुपर्ने,
- कर्मचारी दरबन्दीलाई कार्यजिम्मेवारीसँग आवद्ध गर्नुपर्ने,
- गुणस्तरीय मानव संसाधनको विकास गरी उत्पादकत्व अभिवृद्धि गर्नुपर्ने,
- छरितो संरचना, बहुसीपयुक्त जनशक्ति र प्रविधिमैत्री संरचना बनाउनुपर्ने,
- सार्वजनिक निर्माण र सेवाको सार्वजनिक परीक्षणको व्यवस्था गर्नुपर्ने,
- सेवा प्रवाहको गुणस्तर, शुल्क, प्रक्रियालगायतलाई व्यवस्थित गर्नुपर्ने,
- लक्षित वर्ग अनुदान वितरणलाई लाभग्राहीमैत्री बनाउनुपर्ने,
- नैतिक पूर्वाधार विकासमा जोड दिनु पर्ने।

सुशासन

- पदीय आचरण, निष्ठा र सदाचारिता, अभिवृद्धि हुने कार्यसंस्कृति अवलम्बन गर्नुपर्ने,
- सार्वजनिक निर्माणमा पारदर्शिता, समयपालना, गुणस्तर र दिगोपना हुनुपर्ने,
- जिम्मेवारी र जवाफदेहितालाई स्पष्ट पारी कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्नुपर्ने,
- अन्तरनिकाय समन्वय गरी भ्रष्टाचार नियन्त्रणलाई प्रभावकारी बनाउनुपर्ने,
- सबै निकायमा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी सोको कार्यान्वयन गर्नुपर्ने,
- सूचकमा आधारित कार्यसम्पादन मूल्याङ्कन गरी दण्ड र पुरस्कारसँग आबद्ध गर्नुपर्ने,
- जिम्मेवारी प्रदान गर्दा नेतृत्व क्षमता र वित्तीय अनुशासन पालना स्थितिको मूल्याङ्कन गर्नुपर्ने,
- निर्णय प्रक्रियामा पारदर्शिता, एकरूपता र कार्यान्वयनको सुनिश्चितता गर्नुपर्ने,
- पेशागत व्यावसायिकता र सकारात्मक सोचलाई कार्यजिम्मेवारीको अंग बनाउनुपर्ने।
- सेवा प्रवाह गर्ने पदाधिकारीलाई सेवाग्राहीप्रति सिधै उत्तरदायी र जवाफदेही बनाउनुपर्ने।

कोशी प्रदेशको छैटौं वार्षिक प्रतिवेदन पेश

महालेखापरीक्षकको कार्यालयले कोशी प्रदेश सरकारको आर्थिक वर्ष २०७९।८० को आम्दानी तथा खर्चको लेखापरीक्षण सम्पन्न गरी महालेखापरीक्षकको प्रतिनिधित्व गर्दै नायब महालेखापरीक्षक श्री श्रीकुमार राईले नेपालको संविधानको धारा २९३ बमोजिम माननीय प्रदेश प्रमुख श्री परशुराम खापुङ्ग समक्ष महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१।०२।१६ गते पेश गर्नु भयो।

सो अवसरमा नायब महालेखापरीक्षक श्री श्रीकुमार राईले कोशी प्रदेशको वार्षिक प्रतिवेदनको मुख्य ब्यहोरा माननीय प्रदेश प्रमुखलाई जानकारी गराउनु भएको थियो। सो कार्यक्रममा प्रदेश सरकारका सबै मन्त्रालयका सचिवहरुको समेत उपस्थिति रहेको थियो।

माननीय प्रदेश प्रमुखज्यूले महालेखापरीक्षकको कार्यालयले सरकारी आम्दानी र खर्चको लेखापरीक्षण गरी सरकारलाई जवाफदेही हुन अभिप्रेरित गरेको उल्लेख गर्नुहुँदै यसरी समयमै लेखापरीक्षण सम्पन्न गरी आफ्नो नियमित प्रतिवेदन पेश गरेकोमा खुसी तथा धन्यबाद व्यक्त गर्नु भयो ।



माननीय कोशी प्रदेश प्रमुख श्री परशुराम खापुङ्ज्यू समक्ष महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१, कोशी प्रदेश पेश गर्नुहुँदै नायब महालेखापरीक्षक श्री श्रीकुमार राई।

मधेश प्रदेशको छैटौं वार्षिक प्रतिवेदन पेश



माननीय मधेश प्रदेश प्रमुख श्री सुमित्रा सुवेदी भण्डारीज्यू समक्ष महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१, मधेश प्रदेश पेश गर्नुहुँदै नायब महालेखापरीक्षक श्री श्यामप्रसाद भण्डारी र निर्देशक तारा कुमार सुवेदी।

महालेखापरीक्षकको कार्यालयले मधेश प्रदेश सरकारको आर्थिक वर्ष २०७९।८० को आम्दानी तथा खर्चको लेखापरीक्षण सम्पन्न गरी महालेखापरीक्षकको प्रतिनिधित्व गर्दै नायब महालेखापरीक्षक श्री श्याम प्रसाद भण्डारीको नेतृत्वमा निर्देशक श्री ताराकुमार सुवेदी सहितको टोलीले नेपालको संविधानको धारा २९३ बमोजिम प्रदेश प्रमुख मा. सुमित्रा सुवेदी भण्डारी समक्ष महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१, पेश गर्नु भयो।

सो अवसरमा नायब महालेखापरीक्षक श्री श्याम प्रसाद भण्डारीको मधेश प्रदेशको वार्षिक प्रतिवेदनको मुख्य ब्यहोरा माननीय प्रदेश प्रमुखलाई जानकारी गराउनु भएको थियो । माननीय प्रदेश प्रमुखज्यूले महालेखापरीक्षकको कार्यालयले सरकारी आम्दानी र खर्चको लेखापरीक्षण गरी सरकारलाई जवाफदेही हुन अभिप्रेरित गरेको उल्लेख गर्दै यसरी समयमै लेखापरीक्षण सम्पन्न गरी वार्षिक प्रतिवेदन पेश गरेकोमा खुसी तथा धन्यबाद व्यक्त गर्नु भयो ।

बागमती प्रदेशको छैटौं वार्षिक प्रतिवेदन पेश



माननीय बागमती प्रदेश प्रमुख श्री यादव चन्द्र शर्माज्यू समक्ष महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१, बागमती प्रदेश पेश गर्नुहुँदै उप-महालेखापरीक्षक श्री विन्दु विष्ट, नायब महालेखापरीक्षक श्री शंकर प्रसाद पन्थी र निर्देशक श्री तोया नारायण पौडेल।

महालेखापरीक्षकको कार्यालयले बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०७९।८० को आम्दानी तथा खर्चको लेखापरीक्षण सम्पन्न गरी महालेखापरीक्षकको प्रतिनिधित्व गर्दै उपमहालेखापरीक्षक विन्दु विष्टको नेतृत्वमा, नायब महालेखापरीक्षक श्री शंकरप्रसाद पन्थी तथा निर्देशक श्री तोयानारायण पौडेल सहितको टोलीले माननीय श्री यादवचन्द्र शर्मा समक्ष महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन २०८१।०२।१७ गते पेश गर्नु भयो । सो अवसरमा नायब महालेखापरीक्षक शंकरप्रसाद पन्थीले मधेश प्रदेशको वार्षिक प्रतिवेदनको मुख्य ब्यहोरा माननीय प्रदेश प्रमुख समक्ष जानकारी गराउनु भएको थियो । माननीय प्रदेश प्रमुखज्यूले महालेखापरीक्षकको कार्यालयले सरकारी आम्दानी र खर्चको लेखापरीक्षण गरी सरकारलाई जवाफदेही हुन अभिप्रेरित गरेको उल्लेख गर्नुहुँदै यसरी समयमै लेखापरीक्षण सम्पन्न गरी वार्षिक प्रतिवेदन पेश गरेकोमा खुसी तथा धन्यबाद व्यक्त गर्नु भयो ।

गण्डकी प्रदेशको छैटौं वार्षिक प्रतिवेदन पेश



माननीय गण्डकी प्रदेश प्रमुख श्री डिल्लीराज भट्टज्यू समक्ष महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१, गण्डकी प्रदेश पेश गर्नुहुँदै नायब महालेखापरीक्षक श्री जयराम घिमिरे।

महालेखापरीक्षकको कार्यालयले गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण सम्पन्न गरी महालेखापरीक्षकको प्रतिनिधित्व गर्दै नायब महालेखापरीक्षक श्री जयराम घिमिरेको नेतृत्वमा, निर्देशक श्री बुद्धिराज बसेल सहितको टोलीले माननीय श्री डिल्लीराज भट्ट समक्ष महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१, नेपालको संविधानको धारा २९३ बमोजिम २०८१।०२।१७ गते पेश गर्नु भयो । सो अवसरमा नायब महालेखापरीक्षक श्री जयराम घिमिरेले गण्डकी प्रदेशको वार्षिक लेखापरीक्षण प्रतिवेदनको मुख्य ब्यहोरा माननीय प्रदेश प्रमुख समक्ष जानकारी गराउनु भएको थियो। माननीय प्रदेश प्रमुखज्यूले महालेखापरीक्षकको कार्यालयले प्रदेश सरकारको आम्दानी र खर्चको लेखापरीक्षण गरी सरकारलाई जवाफदेही हुन अभिप्रेरित गरेको उल्लेख गर्नुहुँदै कार्यालयले आफ्नो कार्यतालिका अनुसार समयमै लेखापरीक्षण सम्पन्न गरी आफ्नो नियमित प्रतिवेदन पेश गरेकोमा खुसी तथा धन्यबाद व्यक्त गर्नु भयो ।

लुम्बिनी प्रदेशको छैटौं वार्षिक प्रतिवेदन पेश

महालेखापरीक्षकको कार्यालयले लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०७९।८० को आम्दानी तथा खर्चको लेखापरीक्षण सम्पन्न गरी महालेखापरीक्षकको प्रतिनिधित्व गर्दै नायब महालेखापरीक्षक श्री घनश्याम पराजुलीको नेतृत्वमा, निर्देशक श्री चन्द्र प्रकाश रेग्मी सहितको टोलीले माननीय श्री अमिक शेरचन समक्ष महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१, नेपालको संविधानको धारा २९३ बमोजिम २०८१।०२।२३ गते पेश गर्नु भयो। सो अवसरमा नायब महालेखापरीक्षक घनश्याम पराजुली लुम्बनी प्रदेशको वार्षिक लेखापरीक्षण प्रतिवेदनको मुख्य ब्यहोरा माननीय प्रदेश प्रमुख समक्ष जानकारी गराउनु भएको थियो। माननीय प्रदेश प्रमुखज्यूले महालेखापरीक्षकको कार्यालयले सरकारी आम्दानी र खर्चको लेखापरीक्षण गरी सरकारलाई जवाफदेही हुन अभिप्रेरित गरेको उल्लेख गर्नुहुँदै यसरी समयमानै लेखापरीक्षण सम्पन्न गरी वार्षिक प्रतिवेदन पेश गरेकोमा खुसी व्यक्त गर्नु भयो। साथै वहाँले लेखापरीक्षण प्रतिवेदनमा औंल्याइका विषयहरुलाई सार्वजनिक लेखा समितिमा समयमै छलफल गरी वित्तीय जवाफदेहितालाई थप प्रभावकारी बनाउन सकिने विचार समेत व्यक्त गर्नु भयो।



माननीय लुम्बिनी प्रदेश प्रमुख श्री अमिक शेरचनज्यू समक्ष महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१, लुम्बिनी प्रदेश पेश गर्नुहुँदै नायब महालेखापरीक्षक श्री घनश्याम पराजुली र निर्देशक कृष्ण प्रसाद रेग्मी।

कर्णाली प्रदेशको छैटौं वार्षिक प्रतिवेदन पेश

महालेखापरीक्षकको कार्यालयले कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९।८० को आम्दानी तथा खर्चको लेखापरीक्षण सम्पन्न गरी महालेखापरीक्षकको प्रतिनिधित्व गर्दै उपमहालेखापरीक्षक श्री वैकुण्ठ बहादुर अधिकारीको नेतृत्वमा, निर्देशक श्री ताराध्वज सुनुवार सहितको टोलीले माननीय श्री तिलक परीयार समक्ष महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन २०८१ नेपालको संविधानको धारा २९३ बमोजिम २०८१।०२।१६ गते पेश गर्नु भयो । उक्त अवसरमा उपमहालेखापरीक्षक श्री अधिकारीले कर्णाली प्रदेशको वार्षिक लेखापरीक्षण प्रतिवेदनको मुख्य ब्यहोरा माननीय प्रदेश प्रमुख समक्ष जानकारी गराउनु भएको थियो। माननीय प्रदेश प्रमुखज्यूले महालेखापरीक्षकको कार्यालयले प्रदेश सरकारको आम्दानी र खर्चको लेखापरीक्षण गरी सरकारलाई जवाफदेही हुन अभिप्रेरित गरेको उल्लेख गर्नुहुँदै कर्णाली प्रदेशको भूगोल पृथक प्रकृतिको भएकोले लेखापरीक्षणको क्रममा यहाँले स्थानीय वास्तविकता र सम्भावनाका क्षेत्रहरूको समेत अवलोकन गर्नु भएको र विकट भौगोलिक अवस्थितिको बाबजुद समयमै लेखापरीक्षण सम्पन्न गरी वार्षिक प्रतिवेदन पेश गरेकोमा खुसी तथा धन्यबाद व्यक्त गर्नु भयो।



माननीय कर्णाली प्रदेश प्रमुख श्री तिलक परीयारज्यू समक्ष महालेखापरीक्षकको छैटौं वार्षिक प्रतिवेदन, २०८१, कर्णाली प्रदेश पेश गर्नुहुँदै उप-महालेखापरीक्षक श्री वैकुण्ठ बहादुर अधिकारी र निर्देशक ताराध्वज सुनुवार ।

सुदूरपश्चिम प्रदेशको छैटौँ वार्षिक प्रतिवेदन पेश

महालेखापरीक्षकको कार्यालयले सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक वर्ष २०७९।८० को आम्दानी तथा खर्चको लेखापरीक्षण सम्पन्न गरी महालेखापरीक्षकको प्रतिनिधित्व गर्दै नायब महालेखापरीक्षक श्री पशुपतिकुमार काफ्लेको नेतृत्वमा निर्देशक श्री कृष्ण खनाल सहितको टोलीले माननीय श्री नजिर मियाँ समक्ष महालेखापरीक्षकको छैटौँ वार्षिक प्रतिवेदन, २०८१, नेपालको संविधानको धारा २९३ बमोजिम २०८१।०२।१७ गते पेश गर्नु भयो।

अवसरमा नायब महालेखापरीक्षक श्री पशुपतिकुमार काफ्लेले सुदूरपश्चिम प्रदेशको वार्षिक लेखापरीक्षण प्रतिवेदनको मुख्य व्यहोरा माननीय प्रदेश प्रमुख समक्ष जानकारी गराउनु भएको थियो। माननीय प्रदेश प्रमुखज्यू महालेखापरीक्षकको कार्यालयले सुदूरपश्चिम प्रदेश सरकारको आम्दानी र खर्चको लेखापरीक्षण समयमै सम्पन्न गरी वार्षिक प्रतिवेदन पेश गरेकोमा खुसी तथा धन्यवाद व्यक्त गर्नु भयो।



माननीय सुदूरपश्चिम प्रदेश प्रमुख श्री नजिर मियाँज्यू समक्ष महालेखापरीक्षकको छैटौँ वार्षिक प्रतिवेदन, २०८१, सुदूरपश्चिम प्रदेश पेश गर्नुहुँदै नायब महालेखापरीक्षक श्री पशुपती कुमार काफ्ले र निर्देशक श्री कृष्ण खनाल।

नायब महालेखापरीक्षक श्री राम प्रसाद उपाध्याय र निर्देशक श्री पदम बहादुर बस्नेतको बिदाई

४ ज्येष्ठ, २०८१

माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूको समुपस्थितिमा यस कार्यालयमा लामो समय कार्यरत रही सेवा निवृत्त हुनु भएका नायब महालेखापरीक्षक श्री रामप्रसाद उपाध्याय र निर्देशक श्री पदम बहादुर बस्नेतको विदाई कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा माननीय महालेखापरीक्षकले सेवा निवृत हुनु भएका कर्मचारीहरुलाई कार्यालयको तर्फबाट मायाको चिनो प्रदान गर्नु भएको थियो। नायब महालेखापरीक्षक श्री उपाध्याय विक्रम सम्वत् २०४३ साल मंसीर ८ गते निजामती सेवामा प्रवेश गर्नु भई विभिन्न तह तथा श्रेणीमा कार्यरत भई २०८१ साल जेष्ठ ५ गते देखि सेवा निवृत हुनु भएको छ भने निर्देशक बस्नेत २०५५ साल फागुन ३० गते निजामती सेवा प्रवेश गरी विभिन्न पद तथा श्रेणीमा कार्यरत भई २०८१ साल वैशाख ३० गते देखि सेवा निवृत हुनु भएको छ।

उक्त कार्यक्रममा उपमहालेखापरीक्षकहरु, नायब महालेखापरीक्षकहरु तथा व्यवस्थापन निर्देशनालयका कर्मचारीहरूको उपस्थिति रहेको थियो। सो अवसरमा माननीय महालेखापरीक्षकले लामो समय निजामती सेवाको लेखापरीक्षण सेवामा रही सामाजिक जीवनमा प्रवेश गर्नु भएका वहाँहरूको सामाजिक जीवन थप ऊर्जामय रहोस् र आफ्नो ज्ञान, सीप र अनुभव राष्ट्र हितमा प्रयोग होस भनी शुभकामना व्यक्त गर्नुभयो।



नायब महालेखापरीक्षक श्री राम प्रसाद उपाध्याय र निर्देशक श्री पदम बहादुर बस्नेतको बिदाई कार्यक्रममा लिईएको तस्वीर।

भारतका नियन्त्रक एवं महालेखापरीक्षकको नेपाल भ्रमण

२० वैशाख, २०८१

नेपालका महालेखापरीक्षकको निमन्त्रणामा १८ वैशाख, २०८१ मा नेपाल भ्रमणमा आउनु भएका भारतका नियन्त्रक एव् महालेखापरीक्षक श्री गिरीश चन्द्र मुर्मु र नेपालका महालेखापरीक्षक माननीय तोयम रायाले सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा सहयोग आदान-प्रदान सम्बन्धी एक समझदारीपत्र (MOU)मा हस्ताक्षर भएको छ। समझदारीपत्रमा लेखापरीक्षणका विविध क्षेत्रमा अनुभव आदान-प्रदान साथै कर्मचारीहरुको ज्ञान, सीप तथा दक्षता अभिवृद्धि गरी लेखापरीक्षणको गुणस्तर तथा प्रभावकारिता अभिवृद्धि गर्न दुबै पक्षले सहमति जनाएका छन्।

सम्माननीय प्रधानमन्त्रीसँग शिष्टाचार भेट

माननीय महालेखापरीक्षक श्री तोयम राया र नेपाल भ्रमणको क्रममा रहनु भएका गणतन्त्र भारतका नियन्त्रक एवं महालेखापरीक्षक श्री गिरिशचन्द्र मुर्मु सहितको टोलीबाट सम्माननीय प्रधानमन्त्री श्री पुष्प कमल दाहाल 'प्रचण्डसँग प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबारमा शिष्टाचार भेट सम्पन्न भएको छ। सो अवसरमा परराष्ट्र मन्त्रालयका प्रतिनिधि, नेपालस्थित भारतीय दूतावासका कर्मचारी तथा महालेखापरीक्षकको कार्यालयका उपमहालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारी र निर्देशक श्री रमेश सुवेदीको उपस्थिति रहेको थियो।

उक्त भेटघाटमा भारतका नियन्त्रक एवं महालेखापरीक्षक श्री गिरिश चन्द्र मुर्मुले नेपाल भ्रमणको मुख्य उद्देश्य नेपालको सर्वोच्च लेखापरीक्षण संस्था महालेखापरीक्षकको कार्यालय र भारतको सर्वोच्च लेखापरीक्षण संस्था भारतको नियन्त्रक एवं महालेखापरीक्षकको कार्यालय बीच सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा ज्ञान, सीप र अनुभव आदान-प्रदान एवं क्षमता विकासका पक्षहरु समेटिएको समझदारी पत्रमा हस्ताक्षर गर्नु रहेको बताउनु भयो। साथै वहाँले यसबाट यसले दुबै देशमा लेखापरीक्षण सम्बन्धमा क्षमता विकास तथा लेखापरीक्षणको नवीन अभ्यासको कार्यान्वयनमा सहयोग पुग्ने विचार व्यक्त गर्नु भयो।

सम्मानीय प्रधानमन्त्रीले यस किसिमको कार्यक्रमले संस्था संस्था बीचको सम्बन्धलाई समेत थप मजबुत बनाउने विश्वास व्यक्त गर्दै विश्वको पाँचौ ठुलो अर्थतन्त्र भएको मुलुक भारतले नेपालको विकास निर्माण तथा विभिन्न क्षेत्रमा सहयोग गर्दै आएकोमा भारतीय दूतावासका प्रतिनिधि मार्फत् धन्यवाद ज्ञापन गर्नु भयो।

उक्त शिष्टाचार भेटमा भारतका नियन्त्रक एवं महालेखापरीक्षकले भारत सरकारलाई सम्माननीय प्रधानमन्त्री मायाको चिनो प्रदान गर्नु भएको थियो।



सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहालसँग शिष्टाचार भेट पश्चात् गणतन्त्र भारतका नियन्त्रक एवं महालेखापरीक्षक श्री गिरिश चन्द्र मुर्मु, माननीय महालेखापरीक्षक श्री तोयम राया सहितको टोली।

माननीय अर्थमन्त्री श्री वर्षमान पुनसँग शिष्टाचार भेट

माननीय महालेखापरीक्षक श्री तोयम राया र नेपाल भ्रमणमा रहनु भएका गणतन्त्र भारतका नियन्त्रयक एवं महालेखापरीक्षक श्री गिरिशचन्द्र मुर्मु सहितको टोलीले आज अर्थ मन्त्रालयमा माननीय अर्थमन्त्री श्री वर्षमान पुनसँग शिष्टाचार भेट सम्पन्न भयो। सो अवसरमा परराष्ट्र मन्त्रालयका प्रतिनिधि, नेपाल स्थित भारतीय दूतावासका कर्मचारी तथा महालेखापरीक्षको कार्यालयको उपमहालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारी र निर्देशक श्री रमेश सुवेदीको उपस्थिति रहेको थियो।

उक्त भेटघाटका क्रममा भारतका नियन्त्रक एवं महालेखापरीक्षकले नेपाल भ्रमणको मुख्य उद्देश्य नेपालको सर्वोच्च लेखापरीक्षण संस्था महालेखापरीक्षकको कार्यालय र भारतको सर्वोच्च लेखापरीक्षण संस्था भारतको नियन्त्रक एवं महालेखापरीक्षकको कार्यालयबीच सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा ज्ञान, सीप हस्तान्तरण एवं क्षमता विकासका पक्षहरु रहेको समझदारी पत्रमा हस्ताक्षर गर्नु रहेको बताउनु भयो। यसले दुवै देशमा लेखापरीक्षण सम्बन्धमा क्षमता विकास तथा लेखापरीक्षणको नवीन अभ्यासको कार्यान्वयनमा सहयोग पुग्ने विचार व्यक्त गर्नु भयो।

माननीय अर्थमन्त्री श्री पुनले भारतले विभिन्न क्षेत्रमा आर्थिक तथा प्राविधिक सहयता उपलब्ध गराँउदै आएको उल्लेख गर्दै नेपालको आर्थिक रुपमान्तरणमा सहकार्यको लागि धन्यवाद ज्ञापन गर्नु भयो। सो अवसरमा बजेट महाशाखाका प्रमुख श्री रितेश शाक्यले भारतको सहयोगमा सञ्चालित आयोजनाको कार्यान्वयन अवस्था लगायतका विषयमा जानकारी गराउनु भएको थियो।

उक्त शिष्टाचार भेटमा भारतका नियन्त्रक एवं महालेखापरीक्षक श्री गरिशचन्द्र मुर्मुले माननीय अर्थमन्त्री श्री वर्षमान पुनलाई मायाको चिनो प्रदान गर्नु भएको थियो।



माननीय अर्थमन्त्री श्री वर्षमान पुन समक्ष शिष्टाचार भेश पश्चात गणतन्त्र भारतका नियन्त्रक एवं महालेखापरीक्षक श्री गिरिश चन्द्र मुर्मु, माननीय महालेखापरीक्षक श्री तोयम राया सहितको टोलीको सामूहिक तस्बीर।

सार्वजनिक लेखा समितिका सभापतिसँग शिष्टाचार भेट

माननीय महालेखापरीक्षक श्री तोयम राया र नेपाल भ्रमणको क्रममा रहनु भएका गणतन्त्र भारतका नियन्त्रयक एवं महालेखापरीक्षक श्री गिरिशचन्द्र मुर्मु सहितको टोलीले आज सङ्घीय संसद सचिवालयमा सार्वजनिक लेखा समितिका सभापति श्री ऋषिकेष पोखरेलसगँ संसद सचिवालय, सिंहदरबारमा शिष्टाचार भेट सम्पन्न भयो। सो अवसरमा नेपालस्थित भारतीय दूतावासको कर्मचारी तथा महालेखापरीक्षको कार्यालयको उपमहालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारी र निर्देशक श्री रमेश सुवेदीको उपस्थिति रहेको थियो।

उक्त भेटघाटमा भारतका नियन्त्रक एवं महालेखापरीक्षक श्री गिरिश चन्द्र मुर्मुले नेपाल भ्रमणको मुख्य उद्देश्य नेपालको सर्वोच्च लेखापरीक्षण संस्था महालेखापरीक्षकको कार्यालय र भारतको सर्वोच्च लेखापरीक्षण संस्था भारतको नियन्त्रक एवं महालेखापरीक्षकको कार्यालय बीच सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा ज्ञान सीप हस्तान्तरण एवं क्षमता विकासका पक्षहरु रहेको एक समझदारी पत्रमा हस्ताक्षर गर्नु रहेको बताउनु भयो। यसले दुवै देशको लेखापरीक्षणमा क्षमता विकास तथा लेखापरीक्षणको नवीन अभ्यासको कार्यान्वयनमा सहयोग पुग्ने विचार व्यक्त गर्नु भयो। यसै अवसरमा चन्दागिरी नगरपालिकाको अवलोकन भ्रमण गरी लेखापरीक्षणबाट औंल्याएका विषय तथा सोको कार्यान्वयनका सम्बन्धमा जानकारी लिने अवसर प्राप्त भएको उल्लेख गर्दै भारतले हालसाले गुजरातमा स्थानीय तहको लेखापरीक्षणको लागि अन्तर्राष्ट्रियस्तरको ट्रेनिङ्ग सेन्टर सञ्चालनमा ल्याएको जानकारी दिनु भयो। यसका अलावा उत्तर प्रदेशको नोइडामा अन्तर्राष्ट्रिय स्तरको सूचना प्रविधि सम्बन्धी तालिम केन्द्र तथा जयपुरमा वातावरणीय लेखापरीक्षणसँग सम्बन्धित तालिम केन्द्र समेत रहको र उक्त तालिम केन्द्रमा नेपालका कर्मचारीहरुलाई समेत तालिम उपलब्ध गराँउदै आएको जानकारी गराउनु भयो।

माननीय सभापति पोखलेले संसदीय अभ्यासको सैद्धान्तिक र व्यावहारिक पक्षहरुको चर्चा गर्दै सार्वजनिक स्रोत र साधनको

कुशल परिचालनको दर्पण नै महालेखापरीक्षकको वार्षिक प्रतिवेदन रहेको र प्रतिवेदनमा उजागर भएका विषयहरु समयमै सम्बोधन गर्ने प्रयास सार्वजनिक लेखासमितिले गर्दै आएको बताउनु भयो। नेपालको संसदीय प्रणाली पनि बेलायती र भारतीय प्रणाली जस्तै रहेकोले क्षमता विकास सम्बन्धी यस्ता कार्यक्रमले थप सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

उक्त शिष्टाचार भेटमा भारतका नियन्त्रक एवं महालेखापरीक्षकले सार्वजनिक लेखा समितिका सभापतिलाई मायाको चिनो प्रदान गर्नु भएको थियो।



सार्वजनिक लेखा समितिका माननीय सभापति श्री ऋषिकेश पोखरेल समक्ष शिष्टाचार भेट पश्चात गणतन्त्र भारतका नियन्त्रक एवं महालेखापरीक्षक श्री गिरिश चन्द्र मुर्मु र माननीय महालेखापरीक्षक श्री तोयम राया सहितको टोली।

भारतका नियन्त्रक एवं महालेखापरीक्षकबाट आराध्यदेव श्री पशुपतिनाथको विषेश पूजा सम्पन्न

नेपाल भ्रममा रहनु भएका गणतन्त्र भारतका नियन्त्रयक एवं महालेखापरीक्षक श्री गिरिशचन्द्र मुर्मु, श्रीमती श्री स्मिता मुर्मु, डाइरेक्टर जनरल रिना अकोजिम, निर्देशक डा. गौरव कुमार र निर्देशक श्री करण बोहरा सहितको टोलीले आज आराध्यदेव श्री पशुपतिनाथको दर्शन तथा विशेष पूजा गर्नु भयो। अवसरमा पशुपति क्षेत्र विकासको कोषका प्रतिनिधिहरु, नेपाल स्थित भारतीय दूतावासका पदाधिकारीहरू, नायब महालेखापरीक्षक श्री ताराप्रसाद पाण्डे, निर्देशक श्री रमेश सुवेदी लगायतको उपस्थिति रहेको थियो।



भारतका नियन्त्रक एवं महालेखापरीक्षकबाट आराध्यदेव श्री पशुपतिनाथको विषेश पूजा सम्पन्न पश्चात् लिईएको सामूहिक तस्वीर।

नेपालका महालेखापरीक्षक र भारतका नियन्त्रक एवं महालेखापरीक्षक बीच सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा सहयोग आदान-प्रदान सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर

१८ वैशाख, २०८१

नेपालका महालेखापरीक्षकको निमन्त्रणामा गणतन्त्र भारतका नियन्त्रक एवं महालेखापरीक्षक श्री गिरीशचन्द्र मुर्मु चार दिने औपचारिक भ्रमणको सिलसिलामा १८ वैशाख, २०८१ मा नेपाल आउनुभएको थियो। भारतीय नियन्त्रक एवं महालेखापरीक्षकको उक्त टोलीलाई कार्यालयका उप-महालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षमा स्वागत गर्नुभएको थियो।

भारतीय महालेखापरीक्षकसहितको टोली १९ वैशाख, २०८१ मा पाटन दरबार क्षेत्रको अवलोकन भ्रमणका साथै सोही दिन चन्द्रागिरि नगरपालिका कार्यालयको अवलोकन भ्रमण तथा अन्तरक्रिया कार्यक्रमसमेतमा सहभागी हुनु भएको थियो।

सो अवसरमा भारतीय टोलीबाट उक्त नगरपालिकाको वित्तीय व्यवस्थापनको अवस्था, तीन तहका सरकारसँगको समन्वय, प्रशासनिक तथा राजनैतिक प्रबन्ध सम्बन्धमा छलफल भएको थियो। सो अवसरमा वहाँहरुले चन्द्रागिरि केबलकारको यात्राबाट भालेश्वर महादेवको दर्शनसमेत गर्नु भयो।

सर्वोच्च लेखापरीक्षण संस्थाको रूपमा नेपाल र भारतबीच सार्वजनिक क्षेत्रको लेखापरीक्षणका विविध विषयमा क्षमता अभिवृद्धि, अनुभव आदान प्रदानका साथै कर्मचारीको ज्ञान, सीप, क्षमता र दक्षता अभिवृद्धि गर्न २० वैशाख, २०८१ मा नेपालका महालेखापरीक्षक र भारतका नियन्त्रक एवं महालेखापरीक्षक बीच एक समझदारी पत्र (MOU) मा हस्ताक्षर भएको छ। उक्त कार्यक्रममा नेपालका लागि भारतीय राजदूत महामहिम नवीन श्रीवास्तव र भ्रमण टोलीका सदस्यहरू तथा यस कार्यालयबाट माननीय महालेखापरीक्षक, उप-महालेखापरीक्षकहरु, नायब महालेखापरीक्षकहरु लगायत अन्य कर्मचारीको उपस्थिति रहेको थियो।

त्यसैगरी सोही दिन गणतन्त्र भारतका नियन्त्रक एवं महालेखापरीक्षकले सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय अर्थमन्त्रीज्यू तथा सार्वजनिक लेखा समितिका माननीय सभापतिज्यूसमक्ष शिष्टाचार भेट गर्नु भएको थियो।

मित्रराष्ट्र भारतका नियन्त्रक एवं महालेखापरीक्षकले भ्रमणको अन्तिम दिन २१ वैशाख, २०८१ मा श्री पशुपतिनाथको दर्शन एवं पूजाआजा गरी भारत प्रस्थान गर्नु भयो।



माननीय महालेखापरीक्षक श्री तोयम राया र भारतका माननीय नियन्त्रक एवम् महालेखापरीक्षक श्री गिरिश चन्द्र मुर्मु सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा सहयोग आदानप्रदान सम्बन्धि समझदारी पत्रमा हस्ताक्षर गर्नुहुँदै ।



माननीय महालेखापरीक्षक श्री तोयम राया र भारतका माननीय नियन्त्रक एवम् महालेखापरीक्षक श्री गिरिश चन्द्र मुर्मु सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा सहयोग आदानप्रदान सम्बन्धी समझदारी पत्र एक-आपसमा हस्तान्तरण गर्नुहुँदै ।



माननीय महालेखापरीक्षक श्री तोयम राया र भारतका माननीय नियन्त्रक एवम् महालेखापरीक्षक श्री गिरिश चन्द्र मुर्मु, उप-महालेखापरीक्षकज्यूहरु र भारतका प्रतिनिधिहरु।



माननीय महालेखापरीक्षक श्री तोयम राया र भारतका माननीय नियन्त्रक एवम् महालेखापरीक्षक श्री गिरिश चन्द्र मुर्मु, नायब-महालेखापरीक्षकज्यूहरु र भारतका प्रतिनिधिहरु।

सार्वजनिक लेखा समितिमा छलफल



सार्वजनिक लेखा समितिका माननीय सभापतिज्यू, माननीय महालेखापरीक्षकज्यू, समतिका सदस्यहरु तथा अन्य कर्मचारिहरु ।

१७ ज्येष्ठ, २०८१

सङ्घीय संसद, प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिले माननीय महालेखापरीक्षकज्यूसँग विविध विषयमा छलफल गरेको छ। उक्त बैठकमा समितिका सभापति माननीय ऋषिकेश पोखरेल तथा अन्य माननीय सदस्यहरुको उपस्थिति रहेको थियो भने कार्यालयको तर्फबाट माननीय महलेखापरीक्षक उपमहालेखापरीक्षकहरु श्री बामदेव शर्मा अधिकारी, श्री विन्दु विष्ट, श्री पदमराज पौडेल, श्री वैकुण्ठ बहादुर अधिकारी तथा निर्देशक श्री रमेश सुवेदीको उपस्थिति रहेको थियो। माननीय सभापतिले वैठकको शुभारम्भमा माननीय महालेखापरीक्षकलाई नेपालको महालेखापरीक्षकमा नियुक्त हुनु भएकोमा बधाई दिनुहुँदै सफल कार्यकालयको शुभकामना व्यक्त गर्नु भएको थियो। कार्यक्रमको पहिलो सत्रमा माननीय महालेखापरीक्षज्यूले महालेखापरीक्षकको ६१ औं वार्षिक प्रतिवेदनमा समाविष्ट मुख्य मुख्य विषयहरूको प्रस्तुतीकरण गर्नु भएको थियो।

सार्वजनिक लेखा समितिका माननीय सदस्यहरुले लेखापरीक्षणका विभिन्न चरणमा महालेखापरीक्षकको कार्यालयले गर्नु पर्ने सुधारका सम्बन्धमा आफ्नो धारणा राख्नु भएको थियो।



सार्वजनिक लेखा समितिमा महालेखापरीक्षकको कार्यालयका कर्मचारीहरु तथा अन्य कर्मचारिहरु ।

महालेखापरीक्षकको कार्यालयको ६६औं वार्षिकोत्सव सम्पन्न

१५ आषाढ, २०८१

सम्माननीय सभामुख श्री देवराज घिमिरेज्यूको प्रमुख आतिथ्य एवं सार्वजनिक लेखा समितिका सभापति माननीय श्री ऋषिकेश पोखरेलज्यूको विशेष आतिथ्यमा महालेखापरीक्षकको कार्यालयको ६६औं वार्षिकोत्सव समारोह सम्पन्न भएको छ। नेपालका संवैधानिक निकायका प्रमुखज्यूहरू, नेपाल सरकारका मुख्य सचिव, नेपाली सेनाका प्रधान सेनापतिज्यू, सङ्घीय संसदका महासचिवज्यू, नेपाल सरकारका सचिवज्यूहरू, सुरक्षा निकायका प्रमुखज्यूहरू, पूर्व महालेखापरीक्षकज्यूहरू, लेखापरीक्षण सल्लाहकार समितिका सल्लाहकारज्यूहरू, कार्यालयका पूर्व उपमहालेखापरीक्षकज्यूहरू तथा पूर्व कर्मचारी लगायत कार्यालयका राष्ट्रसेवक कर्मचारी तथा पत्रकारहरु समेतको उपस्थिति रहेको थियो।

सम्माननीय सभामुखज्यूबाट पानसमा दीप प्रज्वलन गरी उद्घाटन गरिएको कार्यक्रमको स्वागत मन्तव्य उपमहालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारीज्यूले राख्नु भएको थियो । सार्वजनिक लेखा समितिका माननीय सभापतिज्यूबाट कार्यक्रमको शुभकामना मन्तव्य पश्चात् सम्माननीय सभामुखज्यूले कार्यक्रममा शुभकामना सहित आफ्नो मन्तव्य रा भएको थियो । उक्त वार्षिकोत्सव कार्यक्रममा कार्यालयको कार्यसम्पादनमा उत्कृष्ट हुने १२ कर्मचारीलाई पुरस्कृत गरिएको थियो भने INTOSAI Development Initiatives (IDI) बाट सञ्चालित Professional Education for SAI Auditors (PESA) को परीक्षा उत्तीर्ण गरी दीक्षित हुनुभएका कार्यालयका ३ जना कर्मचारीलाई प्रमाणपत्र हस्तान्तरणसमेत गरिएको थियो ।

सो अवसरमा माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूले कार्यालयको वर्तमान अवस्था एवं सरोकारवाला सबै निकायसँगको वित्तीय सुशासनमा सहकार्यको अपेक्षा सहित कार्यालयको आमन्त्रणलाई स्वीकार गरी पाल्नु भएका सबै महानुभावलाई कृतज्ञता व्यक्त गरी वार्षिकोत्सव कार्यक्रमको समापन गर्नुभएको थियो ।

६६औं वार्षिक उत्सव समारोहमा पुरस्कृत हुनु हुने कर्मचारीको सूची

१. नायवब महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारी
२. निर्देशक श्री दिनेश मिश्र
३. निर्देशक श्री कृष्णप्रसाद ज्ञवाली
४. निर्देशक श्री बुद्धिराज बसेल
५. लेखापरीक्षण अधिकारी श्री शैलेन्द्र कुमार प्रसाई
६. लेखापरीक्षण अधिकारी श्री प्रसादु थारु
७. लेखापरीक्षण अधिकारी श्री निलम साह
८. लेखापरीक्षण अधिकारी श्री योगेश चौधरी
९. लेखापरीक्षण अधिकारी श्री शुक्रराज तामाङ
१०. लेखापरीक्षण अधिक्षक श्री सरला ढकाल अर्याल
११. कम्प्युटर अपरेटर श्री अनिल कुमार दहित
१२. कार्यालय सहायक श्री गोकर्ण प्रसाद दुवाडी

INTOSAI Development Initiatives (IDI) बाट सञ्चालित Professional Education for SAI Auditors (PESA) को परीक्षा उत्तीर्ण गरी दीक्षित हुनुभएका कर्मचारीहरुः

१. नायब महालेखापरीक्षक श्री श्यामप्रसाद भण्डारी (Certified Performance Auditor)
२. निर्देशक श्री टीकानाथ अर्याल (Certified Compliance Auditor)
३. निर्देशक श्री सिर्जना रिमाल (Certified Performance Auditor)



सम्माननीय सभामुखज्यू, माननीय सार्वजनिक लेखा समितिका सभापतीज्यू, माननीय महालेखापरीक्षकज्यू साथमा ६६औं वार्षिक उत्सव समारोहमा पुरस्कृत हुनु हुने कर्मचारी र INTOSAI Development Initiatives (IDI) बाट सञ्चालित Professional Education for SAI Auditors (PESA) को परीक्षा उत्तीर्ण गरी दीक्षित हुनुभएका कर्मचारीहरु।

महालेखापरीक्षकको कार्यालयको ६६औं वार्षिकोत्सवका झलकहरु



सम्माननीय सभामुख श्री देवराज घिमिरेज्यूलाई ६६औं वार्षिकोत्सव समारोहमा माननीय महालेखापरीक्षकज्यूले स्वागत गर्नुहुँदै।



सम्माननीय सभामुख श्री देवराज घिमिरेज्यूले महालेखापरीक्षकको कार्यालयको ६६औं वार्षिकोत्सव समारोहमा पानसमा दीप प्रज्वलन गरी उद्घाटन गर्नुहुँदै।



सम्माननीय सभामुख श्री देवराज घिमिरेज्यू, माननीय सार्वजनिक लेखा समितिका सभापति श्री ऋषिकेश पोखरेलज्यू र माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यू ।



महालेखापरीक्षकको कार्यालयको ६६औं वार्षिकोत्सव समारोहमा उपस्थित अतिथि तथा कर्मचारीहरु।



सम्माननीय सभामुख श्री देवराज घिमिरेज्यू, माननीय सार्वजनिक लेखा समितिका सभापति श्री ऋषिकेश पोखरेलज्यू र माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूको साथमा कार्यालयका उप-महालेखापरीक्षकज्यूहरुको सामूहिक तरस्वीर।



सम्माननीय सभामुख श्री देवराज घिमिरेज्यू, माननीय सार्वजनिक लेखा समितिका सभापति श्री ऋषिकेश पोखरेलज्यू र माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूको साथमा कार्यालयका नायब-महालेखापरीक्षकज्यूहरुको सामूहिक तरस्वीर।



महालेखापरीक्षकको कार्यालयको ६६औं वार्षिकोत्व समारोहमा सम्माननीय सभामुख श्री देवराज घिमिरेज्यूलाई माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूले मायाँको चिनो प्रदान गर्नुहुँदै ।



सम्माननीय सभामुख श्री देवराज घिमिरेज्यू तथा महालेखापरीक्षकको कार्यालयको ६६औं वार्षिकोत्व समारोहमा माननीय सार्वजनिक लेखा समितिका सभापती श्री ऋषिकेश पोखरेलज्यूलाई माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूले मायाँको चिनो प्रदान गर्नुहुँदै ।



सम्माननीय सभामुख श्री देवराज घिमिरेज्यू, माननीय सार्वजनिक लेखा समितिका सभापती श्री ऋषिकेश पोखरेलज्यू र माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूको साथमा महालेखापरीक्षकको कार्यालयको ६६औं वार्षिकोत्सव समारोहका मूल आयोजक समितको सामूहिक तरस्वीर।



महालेखापरीक्षकको कार्यालयको ६६औं वार्षिकोत्सव समारोहमा कार्यालयका कर्मचारीहरुले लिएका सामूहिक तरस्वीर।

६६ औं वार्षिकोत्सवको उपलक्ष्यमा विविध कार्यक्रम सम्पन्न

१४ असार, २०८१

यस कार्यालयको ६६औं वार्षिकोत्सव समारोह अन्तर्गत असार १४ गते सकारात्मक परिवर्तनको लागि तनाव व्यवस्थापन सम्बन्धी प्रवचन, २५ वर्ष सेवा अवधि पूरा गर्ने १७ जना राष्ट्रसेवक कर्मचारीहरूलाई दीर्घसेवा सम्मान तथा असार १३ गते रक्तदान गर्ने ८० राष्ट्रसेवक कर्मचारीहरूलाई प्रमाणपत्र वितरण लगायतका कार्यक्रम सम्पन्न भयो। कार्यक्रमको बिहानी सत्रमा कार्यालयको कर्मचारीहरूलाई श्री ललित शंकर योगीज्यूबाट सकारात्मक परिवर्तनको लागि तनाव व्यवस्थापन एवं जीवन शैली परिवर्तन विषयमा प्रवचन तथा योगाभ्यास समेत गराउनु भयो। दिवा सत्रको कार्यक्रममा कार्यालयमा क्रियाशील ट्रेड युनियनका प्रतिनिधिहरूले शुभकामना मन्तव्य राख्नु भएको थियो। माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूबाट कार्यालयका १७ जना राष्ट्रसेवक कर्मचारीहरूलाई २५ वर्ष दीर्घ सेवा सम्मान पत्र र रक्तदान गर्नु हुने ८० राष्ट्र सेवक कर्मचारीहरुलाई प्रमाण पत्र वितरण गर्नु भएको थियो । माननीय महालेखपरीक्षकज्यूले वार्षिकोत्सवको उपलक्ष्यमा शुभकामना मन्तव्य सहित कार्यक्रमको समापन गर्नु भएको थियो ।



महालेखापरीक्षकको कार्यालयको ६६औं वार्षिकोत्सव समारोहको उपलक्ष्यमा तनाव व्यवस्थापन सम्बन्धि प्रवचन कार्यक्रममा माननीय महालेखापरीक्षकज्यू र कार्यालयका कर्मचारीहरुको सामूहिक तस्वीर।



महालेखापरीक्षकको कार्यालयको ६६औं वार्षिकोत्सव समारोहको उपलक्ष्यमा तनाव व्यवस्थापन सम्बन्धि प्रवचन कार्यक्रमा गुरु श्री ललित शंकर योगीज्यूलाई मायाँको चिनो प्रदान गर्नुहुँदै उप-महालेखापरीक्षक द्वय श्री वामदेव शर्मा अधिकारीज्यू र श्री पदमराज पौडेलज्यू।



माननिय महालेखापरीक्षकज्यू, उप-महालेखापरीक्षकज्यूहरु साथमा महालेखापरीक्षकको कार्यालयको ६६औं वार्षिकोत्सव समारोहको उपलक्ष्यमा २५ वर्ष सेवा अवधि पुगेका कर्मचारीहरुलाई दीर्घ सेवाबाट सम्मानीत कर्मचारीहरुको सामूहिक तस्वीर ।



माननीय महालेखापरीक्षकज्यू, उप-महालेखापरीक्षकज्यूहरु साथमा महालेखापरीक्षकको कार्यालयको ६६औं वार्षिकोत्सव समारोहको उपलक्ष्यमा रक्तदान कार्यक्रममा रक्तदान दिएका कर्मचारीहरुलाई कदर-पत्र दिए पश्चात् लिईएकव सामूहिक तस्वीर ।

रक्तदान कार्यक्रम सम्पन्न

१३ आषाढ, २०८१

कार्यालयको ६६ औं वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । नेपाल रेडक्रस सोसाइटीको सहयोगमा आयोजित रक्तदान कार्यक्रम माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूको शुभकामना मन्तव्य पश्चात शुभारम्भ भएको थियो । सो अवसरमा उहाँले "रक्तदान जीवनदान" भन्ने मूलमन्त्र तथा रक्तदानको महत्वलाई आत्मसात गरी कार्यालयले वार्षिकोत्सवको अवसरमा यो कार्यक्रम आयोजना गरेको बताउनुभयो । बिहान ११ बजेदेखि दिनको ३ बजेसम्म सञ्चालन भएको उक्त कार्यक्रममा ८० जना राष्ट्रसेवक कर्मचारीहरूले रक्तदान गर्नु भएको थियो।



महालेखापरीक्षकको कार्यालयको ६६औं वार्षिकोत्सव समारोहको उपलक्ष्यमा रक्तदान कार्यक्रममा माननीय महालेखापरीक्षकज्यू, उप-महालेखापरीक्षकज्यूहरु साथमा नेपाल रेडक्रस सोशाईटिका पदाधिकारी सहित उद्घाट सत्रमा लिईएको सामूहिक तस्वीर।



महालेखापरीक्षकको कार्यालयको ६६औं वार्षिकोत्सव समारोहको उपलक्ष्यमा रक्तदान कार्यक्रममा ब्लड प्रेसर चेक जाँच गराउनु हुँदै माननीय महालेखापरीक्षकज्यू।



महालेखापरीक्षकको कार्यालयको ६६औँ वार्षिकोत्सव समारोहको उपलक्ष्यमा रक्तदान कार्यक्रमको समापनमा कार्यालयका कर्मचारीहरु र रेडक्रस सोसाइटीका पदाधिकारीहरु सहितको सामूहिक तस्वीर।



महालेखापरीक्षकको कार्यालयको ६६औँ वार्षिकोत्सव समारोहको उपलक्ष्यमा रक्तदान कार्यक्रमको तस्वीर।

विश्व बैंकको "International Development Association-IDA21 Replenishment" को तेस्रो बैठकमा सहभागिता

विश्व बैंकले जुन १८ देखि २१, २०२४ सम्म सञ्चालन हुने Third IDA२१ Replenishment Meeting को उद्घाटन सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्डबाट" २०८१ असार ४ गते सोल्टी होटलमा सम्पन्न भयो । उक्त कार्यक्रममा माननीय महालेखपरीक्षकज्यू उपस्थित हुनु भएको थियो ।

लेखापरीक्षण सल्लाहकार समितिको २२औं बैठक सम्पन्न



माननीय महालेखापरीक्षकज्यूले लेखापरीक्षण सल्लाहकार समितिलाई सम्बोधन गर्नुहुँदै ।

२३ आषाढ, २०८१

माननीय महालेखापरिक्षक श्री तोयम रायाज्यूको संयोजकत्वमा २ वर्षको लागि गठित लेखापरीक्षण सल्लाहकार समितिको पहिलो तथा २०७० सालको गठन पश्चात् २२ औं सल्लाहकार समितिको बैठक कार्यालयको सभाकक्षमा सम्पन्न भएको छ। परिचयात्मक कार्यक्रमबाट सुरु भएको उक्त बैठकमा उपमहालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारीले महालेखापरीक्षकको कार्यालयको भूमिका तथा जिम्मेवारी, संगठात्मक संरचना वार्षिक कार्य तालिका, अन्तर्राष्ट्रिय सम्बन्ध लगायतका विषयमा प्रस्तुतीकरण गर्नु भएको थियो।

उक्त बैठकको एजेण्डाको रुपमा महालेखापरीक्षकको कार्यालयको रणनैतिक योजना, (२०८१८८-)का क्षेत्रहरु, वार्षिक लेखापरीक्षण योजना, २०८१, कार्यमूलक लेखापरीक्षण लगायत रहेका थिए। बैठकमा सहभागी सदस्यज्यूहरुले महालेखापरीक्षकको कार्यालयको क्षमता विकास, लेखापरीक्षणको गुणस्तर सुधार, सार्वजनिक लेखा समिति प्रदेश सरकार एवं स्थानीयसँगको सहकार्य र समन्वय जस्ता विषयमा समेत ध्यान दिँदै दिगो विकासको लक्ष्यको कार्यान्वयन सम्बन्धमा सरकारबाट भएका गरेका काम कारवाहीको लेखापरीक्षण लगायतका विषयमा सुझावहरु दिनु भएको थियो। साथै वहाँहरुले कार्यालयले तयार गरिरहेको नयाँ रणनीतिक योजनामा समेत सुझाव उपलब्ध गराउने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो।

कार्यक्रमको समापनको क्रममा माननीय महालेखापरीक्षकज्यूले सदस्यहरुलाई आफ्ना अमूल्य सुझावहरु सामाजिक संजाल तथा ईमेल मार्फत समेत पठाउन हुन अनुरोध गर्दै प्रविधिको प्रयोग, कार्यालयको व्यक्तिगत/प्रणालीगत/संस्थागत क्षमता विकासमा सल्लाको महत्वपूर्ण भूमिका रहने विश्वास व्यक्त गर्नुभयो। बैठकमा अमूल्य सुझाव प्रदान गर्नु भएकोमा धन्यवाद ज्ञापन गर्दै सदस्यूहरुले लिखित एवं मौखिक रुपमा रचनात्मक सुझावहरु उपलब्ध गराउनु हुने विश्वास समेत व्यक्त गर्नु भयो।



लेखापरीक्षण सल्लाहकार समितिको बैठकमा लिईएको तस्वीर ।

संगठित संस्थाका लेखापरीक्षकहरुलाई निर्देशन

२० असार, २०८१

नेपालको संविधानको धारा २४१ मा पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्त गर्दा महालेखा परीक्षकसँग परामर्श गरिने र त्यस्तो संगठित संस्थाको लेखापरीक्षण गर्दा अपनाउनु पर्ने सिद्धान्तको सम्बन्धमा महालेखा परीक्षकले आवश्यक निर्देशन दिन सक्ने व्यवस्था छ। साथै लेखापरीक्षण ऐन, २०७५ को दफा ३ को १(ख) अनुसार नेपाल, प्रदेश सरकार र स्थानीय तहको पूर्ण स्वामित्व भएको सङ्गठित संस्था, (ग) महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी सङ्घीय कानुनद्वारा तोकिएका संस्था/निकायको व्यवस्था रहेको छ। यसै व्यवस्था अनुसार महालेखापरीक्षकले आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षणको लागि नियुक्ति वा नियुक्तिका लागि परामर्श दिइएका संगठित संस्थाका लेखापरीक्षकहरुलाई माननीय महालेखापरीक्षकज्यूले महालेखापरीक्षकको कार्यालयमा त्यस्तो संस्थाको लेखापरीक्षण गर्दा ध्यान दिनुपर्ने विषयहरु सम्बन्धमा निर्देशन दिनु भएको थियो ।

माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूले आफ्नो मन्तव्यको क्रममा सबै लेखापरीक्षकहरुले तोकिएको समयमा लेखापरीक्षण सम्पन्न गर्न आफ्नो कार्य योजना तयार गर्ने, जोखिमका क्षेत्रहरुको सूची तयार गर्ने, लेखापरीक्षणको क्रममा संस्थाका शाखाहरूको भ्रमण गर्ने, संस्थानको सार्वनजिक सम्पत्तिको अवस्थाको अवलोकन गरी लेखापरीक्षण प्रतिवेदनमा औंल्याउनु पर्ने विषयहरु कुनै पनि अवस्थामा नछोडी आफ्नो पेशागत मर्यादा र आचरणको पालना गर्ने विश्वास व्यक्त गर्नु भयो । लेखापरीक्षणको क्रममा तत्काल जानकारी गराउनु पर्ने विषय वा खटिएको



माननीय महालेखापरीक्षकज्यू श्री तोयम रायाज्यू साथमा उप-महालेखापरीक्षक द्वय श्री पदमराज पौडेल र श्री बैकुण्ठ बहादुर अधिकारी ।

सार्वजनिक संस्थामा कार्यसम्पादनको क्रममा कुनै असहज अवस्था सिर्जना भएमा यस कार्यालयमा जानकारी गराउन निर्देशन समेत दिनु भएको थियो। सो अवसरमा उपमहालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारी तथा लेखापरीक्षक नियुक्ति, परामर्श तथा सार्वजनिक संस्थान लेखापरीक्षण महानिर्देशनालयका नायब महालेखापरीक्षक श्री घनश्याम काफ्लेको उपस्थिति रहेको थियो।

उक्त कार्यक्रममा नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थानमा नियुक्त भएका ५५ जना चार्टर्ड एकाउन्टेन्ट एवं आंशिक स्वामित्व भएका लेखापरीक्षणको लागि परामर्श दिइएका ४८ वटा संस्थानका लेखापरीक्षक चार्टर्ड एकाउटेन्ट तथा सार्वजनिक संस्थानका लागि नियुक्त भएका ७६ जना चार्टर्ड एकाउटेन्ट तथा दर्तावाला लेखापरीक्षकहरुको उपस्थिति रहेको थियो।



संगठित संस्थाका लेखापरीक्षकहरुलाई माननीय महालेखापरीक्षकज्यूबाट निर्देशन कार्यक्रमा उपस्थित सार्वजनिक संस्थाहरुको लेखापरीक्षकमा नियुक्ति एवं परामर्श प्रदान गरिएको लेखापरीक्षकहरु।

विभिन्न सरकारी निकायको विद्युतीय प्रणाली व्यवस्थापन सम्बन्धी तालिम सम्पन्न

१६ असार, २०८१

महालेखापरीक्षकको कार्यालयमा २०८१ साल असार १० देखि १६ गते सम्म नेपाल सरकारका विभिन्न निकायमा सञ्चालित प्रणालीहरुको व्यवस्थापन सम्बन्धी तालिम कार्यक्रम सम्पन्न भएको छ। उक्त तालिम कार्यक्रममा महालेखा नियन्त्रक कार्यालयले सञ्चालनमा ल्याएका प्रणालीहरु Computer Generated Accounting System (CGAS), Revenue Management Information System (RMIS), Sub-National Treasury Regulatory Application (SuTRA), भन्सार विभागबाट सञ्चालित प्रणालीहरु Automated System for Customs Data (ASYCUDA) आन्तरिक राजस्व विभागमा सञ्चालित Integrated Tax System (ITS) Revenue Accounting System (RAS), कम्पनी रजिष्ट्रारको कार्यालयमा सञ्चालित OCR e-Services, भूमि व्यवस्थापन तथा अभिलेख विभागमा सञ्चालित Land Record Management Information System (LRMIS) एवं महालेखापरीक्षकको कार्यालयबाट सञ्चालित Nepal Audit Management System (NAMS) तथा कानुन निर्माणको प्रकृयाहरुसँग सम्बन्धित विषयवस्तुहरु समावेश भएको थियो। उक्त तालिममा सम्बन्धित कार्यालय/निकायको प्रणाली तथा विषय विज्ञबाट प्रशिक्षण सम्पन्न भएको थियो । यस तालिमको मुख्य उद्देश्य कर्मचारीहरुलाई विभिन्न प्रणालीहरूको जानकारी गराई सम्बन्धित प्रणालीबाट सिर्जना हुने तथ्याङ्कको अध्ययन तथा विश्लेषण गर्ने रहेको थियो। सो तालिम कार्यक्रममा यस कार्यालयका नायब महालेखापरीक्षक, निर्देशक, लेखापरीक्षण अधिकारी सहित ५५ जनाको सहभागिता रहेको थियो।



विभिन्न सरकारी निकायको विद्युतीय प्रणाली व्यवस्थापन सम्बन्धी तालिम सम्पन्न पश्चात् लिईएको सामूहिक तस्वीर ।



निर्देशक श्री योग्य प्रसाद राईलाई प्रमाण-पत्र वितरण गर्नु हुँदै उप-महालेखापरीक्षक श्री विन्दु विष्ट।

अमेरिकी सरकार सहयोग कार्यक्रम (USAID) अन्तर्गत Government Accountability Office (GAO), Center for Audit Excellence बाट कार्यमूलक लेखापरीक्षण सम्बन्धी विशेष तालिम सम्पन्न

महालेखापरीक्षकको कार्यालय र अमेरिकी सरकार सहयोग कार्यक्रम (USAID Nepal) बीच भएको समझदारी अनुसार महालेखापरीक्षकको कार्यालयका नायब महालेखापरीक्षक, निर्देशक, लेखापरीक्षण अधिकारी सहितको ७० जना कर्मचारीहरुलाई २०२४ को जुन ५ देखि १२ सम्म Performance Auditing Principles & Practices र Collecting & Assessing Evidence to Produce Strong Findings विषयक तालिम सम्पन्न भएको थियो। उक्त तालिम कार्यक्रमको उद्घाटन उपमहालेखापरीक्षक श्री पदमराज पौडेलले गर्नु भएको थियो। तालिम कार्यक्रमको प्रशिक्षकको रुपमा GAO मा लामो समय कार्य गरी सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा अनुभव तथा विज्ञता हासिल गर्नु भएका Steve Loard र Ann Calvaresi Barr रहनु भएको थियो ।



अमेरिकी सरकार सहयोग कार्यक्रम (USAID) अन्तर्गत Government Accountability Office (GAO), Center for Audit Excellence बाट कार्यमूलक लेखापरीक्षण सम्बन्धी विशेष तालिम पश्चात् लिईएको सामूहिक तस्वीर।



अमेरिकी सरकार सहयोग कार्यक्रम (USAID) अन्तर्गत Government Accountability Office (GAO), Center for Audit Excellence बाट कार्यमूलक लेखापरीक्षण सम्बन्धी विशेष तालिममा लिईएको सामूहिक तस्वीर।



वैशाख ७, २०८१ नेपाल सरकारका मुख्य सचिव डा. बैकुण्ठ अर्यालसँग उप महालेखापरीक्षक पदमा बढुवा भएको नियुक्ति ग्रहण गर्नुहुँदै श्री बैकुण्ठ बहादुर अधिकारी।



वैशाख २१, २०८१ नायब महालेखापरीक्षकमा पदोन्नति हुनुभएका श्री राजेन्द्रराज ओझाज्यूको स्वागत तथा बधाई।



ज्जेष्ठ १८, २०८१ नायब महालेखापरीक्षकमा नियुक्ति हुनुभएका श्री राम प्रकाश महतोज्यूको स्वागत तथा बधाई ।

२०८१ वैशाखदेखि आषाढसम्म अवकाश भएका कर्मचारीको विवरण

सि.नं.	पद	नाम	अवकाश मिति
१	निर्देशक	श्री पदमबहादुर बस्नेत	२०८१/०१/३०
२	नायब महालेखापरीक्षक	श्री राम प्रसाद उपाध्याय	२०८१/०२/०५
३	निर्देशक	श्री वनमाली पौडेल	२०८१/०२/१३
४	निर्देशक	श्री कृष्ण प्रसाद रेग्मी	२०८१/०२/१८

२०८१ वैशाखदेखि आषाढ मसान्तसम्म बढुवा भएका कर्मचारीहरुको विवरण

सि.नं.	पद	नाम	नियुक्ति मिति
१	उप-महालेखापरीक्षक	श्री बैकुण्ठ बहादुर अधिकारी	२०८०।०१।७
२	लेखापरीक्षण अधिकारी	श्री विष्णु सापकोटा	२०८०।०१।११
३	लेखापरीक्षण अधिकारी	श्री राधा खराल	२०८०।०१।११
४	लेखापरीक्षण अधिकारी	श्री एलिशन बन्जाडे	२०८०।०१।११
५	लेखापरीक्षण अधिकारी	श्री चिरञ्जीवी रेग्मी	२०८०।०१।११
६	लेखापरीक्षण अधिकारी	श्री त्रिलोचन संग्रौला	२०८०।०१।११
७	लेखापरीक्षण अधिकारी	श्री इन्द्रप्रसाद कोइराला	२०८०।०१।११
८	लेखापरीक्षण अधिकारी	श्री ललन साह कानु	२०८०।०१।११

२०८१ वैशाखदेखि आषाढ मसान्तसम्म नयाँ नियुक्त कर्मचारीको विवरण

सि.नं.	पद	नाम	नियुक्ति मिति
१	नायब महालेखापरीक्षक	श्री राजेन्द्रराज ओझा	२०८१।०१।२०
२	नायब महालेखापरीक्षक	श्री राम प्रकाश महतो	२०८१।०२।१८
३	लेखापरीक्षण निरीक्षक	श्री भरत खड्का	२०८१।०२।२८
४	लेखापरीक्षण निरीक्षक	श्री विवेक शर्मा पोखरेल	२०८१।०२।२८
५	लेखापरीक्षण निरीक्षक	श्री चुरामणि भुसाल	२०८१।०२।२८
६	लेखापरीक्षण निरीक्षक	श्री जितेन कुलुङ	२०८१।०२।२८

२०८१ वैशाखदेखि आषाढसम्म अन्तर्राष्ट्रिय तालिम तथा अन्य कार्यक्रममा मनोनयन तथा सहभागिताको विवरण

सि.नं.	पद	नाम	कार्यक्रम	आयोजक	मिति
१	माननीय महालेखापरीक्षक	श्री तोयम राया	वर्कशपमा सहभागिता	फिलिपिन्स	जुन ३ - जुन ६, २०२४
२	ना.म.ले.प.	श्री बालकृष्ण थापा	वर्कशपमा सहभागिता	फिलिपिन्स	जुन ५ - जुन ७, २०२४
३	ना.म.ले.प.	श्री श्याम प्रसाद भण्डारी	वर्कशपमा सहभागिता	फिलिपिन्स	जुन १० - जुन १४, २०२४
४	ना.म.ले.प.	श्री चन्द्रकान्त भण्डारी	वर्कशपमा सहभागिता	फिलिपिन्स	जुन ३ - जुन १४, २०२४
५	निर्देशक	श्री सिर्जना रिमाल	वर्कशपमा सहभागिता	फिलिपिन्स	जुन ३ - जुन १४, २०२४
६	ले.प. अधिकारी	श्री भिम प्रसाद रिजाल	तालिम	चीन	जुन १५ - जुन ३०, २०२४
७	ले.प. अधिकारी	श्री दिनेश बराल	तालिम	चीन	जुन १५ - जुन ३०, २०२४
८	ले.प. अधिकारी	श्री श्रुति कुमारी झा	तालिम	चीन	जुन १५ - जुन ३०, २०२४
९	ले.प. अधीक्षक	श्री सुनिता कुमारी साउद	तालिम	चीन	जुन १५ - जुन ३०, २०२४
१०	ले.प. अधिकारी	श्री शंकरबाबु आचार्य	तालिम	चीन	जुन १३ — २६, २०२४

सि.नं.	पद	नाम	कार्यक्रम	आयोजक	मिति
११	निर्देशक	श्री ताराध्वज सुनुवार	तालिम	चीन	जुन १३ — २६, २०२४
१२	निर्देशक	श्री कृष्ण प्रसाद खनाल	तालिम	चीन	जुन १३ — २६, २०२४
१३	ले.प. अधिकारी	श्री फूलमाया लामा	तालिम	चीन	जुन ३१ — अगष्ट १०, २०२४
१४	ले.प. अधिकारी	श्री वसन्ता पन्थी	तालिम	चीन	जुन ३१ — अगष्ट १०, २०२४

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
२०३४ असोज १४

स्वर्गारोहण:
वि.सं.
२०८१ वैशाख १४

स्व. अन्नपूर्ण दवाडी

यस कार्यालयका निर्देशक श्री श्यामप्रसाद गौतमज्यूकी पत्नी अन्नपूर्ण दवाडीको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवम् भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दैछौं ।

महालेखापरीक्षकको कार्यालय परिवार
२०८१।०१।२१

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
२००३ भाद्र १२

स्वर्गारोहण:
वि.सं.
२०८१ वैशाख ३१

स्व. टामलाल पन्थी

यस कार्यालयका निर्देशक श्री दुर्गा प्रसाद पन्थीज्यूका पुजनीय बुवा टामलाल पन्थीको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवम् भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दैछौं ।

महालेखापरीक्षकको कार्यालय परिवार
२०८१।०१।३१